
# लेखापरीक्षण प्रतिवेदन

## माडी गाउँपालिका, रोल्पा

### आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## माडी गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/579

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

माडी गाँउपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रोल्पा।

**कैफियतसहितको राय ।**

हामीले माडी गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी हरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले असर पार्ने बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिबेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समाबेश भएको एकिकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभुत रुपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । गाउँपालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ९ करोड ६१ लाख १२ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १ करोड ९५ लाख ७४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३ लाख ३० हजार, स्थानीय तहमा प्रशासकीय पूर्वाधार भवन निर्माणको रु.४० लाख समेत रु. १२ करोड १६ हजार सुत्रमा लेखांकन गरेको छैन ।

२. गाँउपालिकाको रु. ९० करोड ४ लाख ८० हजारको लेखापरीक्षण गरिएकोमा रू.३ करोड २१ लाख ९९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ११ लाख ४४ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु.3 करोड १० लाख ५५ हजारमध्ये असुल गर्नुपर्ने रू.१७ लाख ४१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १ लाख १२ हजार, नियमित गर्नुपर्ने १ करोड ८८ लाख ९९ हजार र पेस्की बाँकी रु. ३ लाख ३ हजार रहेको छ। गत वर्षसम्म रु. ५ करोड ४ लाख ६ हजार बेरुजूमध्ये यस वर्ष रु.१७ लाख २७ हजार सम्परीक्षण भई हालसम्मको अद्यावधिक बेरुजू रु.७ करोड ९७ लाख ३४ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने माडी गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी माडी गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाँउ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७८ | ८१ | ३,२१,९८,८५६ | ० | ३१ | ११,४३,६९७ | ० | ७८ | ५० | ३,१०,५५,१६० | १७,४०,७५५ | १,८८,९८,७२७ | १,०१,१२,६७८ | ० | ० | २,९०,११,४०५ | ३,०३,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फर्स्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रोल्पा | ५,०४,०६,००० | ० | १७,२७,२२३ | ४,८६,७८,७७७ | ० | ३,१०,५५,१६० | ७,९७,३३,९३७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ६२ | सिपमुलक तालिम | ९,८०० |
| २ | २०८०/८१ | ९४.२ | सामाजिक सुरक्षा भत्ता | २१,५७६ |
| ३ | २०८०/८१ | ७५ | मेन्टरिङ्ग कार्यक्रम | ३०,००० |
| ४ | २०८०/८१ | ६४ | बढी भुक्तानी | ३,०३,१२१ |
| ५ | २०८०/८१ | ९२ | पेश्कि बाँकी | ७,५०,००० |
| ६ | २०८०/८१ | ४५ | दोहोरो बैठक भत्ता | १०,२०० |
| ७ | २०८०/८१ | ७४ | आधारभुत तथा मा वि शिक्षक तालिम | १९,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७६/७७ | १७ | बिल भरपाई नभएको | ६,५३,०२३ |
| ९ | २०७३/७४ | २४ | पेश्कि बाँकी | १०,७४,२०० |
| जम्मा | | | | २८,७०,९२० |

# (८०५५४५०४३०० - माडी गाउँपालिका, रोल्पा )

# माडी गाउँपालिका , रोल्पा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउपालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।२७ देखि २०८१।५।३१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. ९० करोड ४ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

२ **सन्चित कोषको अवस्था**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिक पालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय/ व्यय हिसाबको आर्थिक वर्ष २०८०/ ८१ को कोषको संचित व्यवस्था निम्न अनुसार रहेको छ ।

| क्र.स./आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | |
|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी(सोभै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | | ७, ६९ , ६६ , ६४८.७४ | ० | ७, ६९ , ६६ , ६४८.७४ |
| १३००० | अनुदान | | २४, ८९ , ५८ , २४३.९७ | ० | २४, ८९ , ५८ , २४३.९७ |
| १४००० | अन्य राजस्व | | २, ०७ , ५६०.८३ | ० | २, ०७ , ५६०.८३ |
| क | कुल जम्मा प्राप्ति | | ३२, ६१ , ३२ , ४५३.५४ | | ३२, ६१ , ३२ , ४५३.५४ |
| ३ | चालु | | २४, ३१ , ९३ , ०२८.१७ | ० | २४, ३१ , ९३ , ०२८.१७ |
| २१००० | पारिश्रमिक / सुविधा | | ९, ०६ , ११ , ४८२.६३ | ० | ९, ०६ , ११ , ४८२.६३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १३, ९८ , ७६ , ०४०.५४ | ० | १३, ९८ , ७६ , ०४०.५४ |
| २५००० | सहायता (Subsidy) | | ८६, २७ , ९६२.०० | ० | ८६, २७ , ९६२.०० |
| २६००० | अनुदान | | ० | ० | ० |
| २७००० | सामाजिक सुरक्षा | | २६, ८६ , ६५१.०० | ० | २६, ८६ , ६५१.०० |
| २८००० | अन्य खर्च | | १३, ९० , ८९२.०० | ० | १३, ९० , ८९२.०० |
| ४ | पूंजीगत | | ९, २० , ८६ , ६६०.९६ | ० | ९, २० , ८६ , ६६०.९६ |
| ३१११० | भवन तथा संरचना | | २, ०२ , ५७ , ४८६.९६ | ० | २, ०२ , ५७ , ४८६.९६ |
| ३११२० | सवारी साधन , मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स | | ९३, ४१ , ६४४.०० | ० | ९३, ४१ , ६४४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ६, ४७ , ८९०.०० | ० | ६, ४७ , ८९०.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ६, १३ , ०९ , ६४०.०० | ० | ६, १३ , ०९ , ६४०.०० |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ० | ० | ० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ५, ३० , ०००.०० | ० | ५, ३० , ०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ३३, ५२ , ७९ , ६८९.१३ | | ३३, ५२ , ७९ , ६८९.१३ |
| ग) | बचत / कमी (ग = क-ख ) | | (९१ , ४७ , २३५.५९) | | (९१ , ४७ , २३५.५९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ९, ६६ , ८३४.०० | | ९, ६६ , ८३४.०० |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (८१ , ८० , ४०१.५९) | | (८१ , ८० , ४०१.५९) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १, ८६ , ६५ , ४९८.३८ | | १, ८६ , ६५ , ४९८.३८ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | १, ०४ , ८५ , ०९६.७९ | | १, ०४ , ८५ , ०९६.७९ |

३ **अन्तर सरकारी अख्तियारी**

पालिकाले तयार गरेको आर्थिक विवरणमा निम्नानुसारको कारोवार समावेश भएको छैन ।

| बजेट उपशीर्षक | निकासा | खर्च |
|---|---|---|
| सामाजिक सुरक्षा तथा संरक्षण | ९६१११७५५ | ९६१११७५५ |
| एकीकृत स्वासस्थ्य पूर्वाधार विकास कार्यक्रम | १९५७४७२६ | १९५७४७२६ |
| स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३३०००० | ३३०००० |
| स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ४०००००० | ४०००००० |
| जम्मा | १२००१६४८१ | १२००१६४८१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ **लेखापरीक्षण**

यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्योल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०८१।५।३१ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन्।

५ **वित्तीय विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने एंव सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ ।

६ **फरक हिसाब**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

क) पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA) ले देखाएको आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार प्रस्तुत गरी लेखा टिप्पणी सहित खुलासा गरेको छैन ।

ख) प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली ढाँचाको प्रतिवेदनले यस वर्षको आय रु.३२ करोड ६१ लाख ३२ हजार र गत वर्षको मौज्दात रु.१ करोड ८६ लाख ६५ हजार समेत जम्मा रु.३४ करोड ४७ लाख ९७ हजार र कुल भुक्तानी रु.३३ करोड ५२ लाख ८० हजार र धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषमा रु.९ लाख ६७ हजार थप गरी वर्षान्तमा रु.१ करोड ४ लाख ८५ हजार अन्तिम मौज्दात देखिन्छ ।

७ **खर्च बिश्लेषण**

पालिकामा यस बर्ष कुल आन्तरिक आयबाट रु.२ लाख ७ हजार, राजस्व बाँडफाँटबाट रु.७ करोड ५८ लाख २१ हजार र अनुदानबाट रु.२४ करोड ८९ लाख ५८ हजार समेत रु.३२ करोड ४९ लाख ८७ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२४ करोड ३१ लाख ९३ हजार (७३ प्रतिशत) र पूँजिगत तर्फ रु.९ करोड २० लाख ८७ हजार (२७ प्रतिशत) खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा रु.२ लाख ७ हजार (०.०६ प्रतिशत) रहेको छ । यस बर्ष प्रशासनिक खर्च वापत रु.९ करोड ६ लाख ११ हजार खर्च भएको छ जुन आन्तरिक आयको ४३६ गुणा बढी खर्च हो । पालिकाले चालु खर्चमा मितव्ययिता कायम गर्दै पुँजीगत खर्चमा वृद्धि गर्नुपर्दछ ।

८ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार बैङ्क मौज्दात रु.१ लाख ३६ हजार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय) | समायोजन | बैङ्क मौज्दात |
|---|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | १८४५०५०३.३८ | ४६८९२३३०१ | ४७७०७८७२७ | | १०३४८३७२ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | १८६६५४९८.३८ | ३२६१३२४५३.५४ | ३३५२७९६८९.१३ | ९६६८३४ | १०४८५०९६.७९ |
| फरक | | | | | १३६७२४.७९ |

क. पालिकाले धरौटी, आकस्मिक कोष लगायतका अन्य कोष मौज्दातको रु.९६६८३४ थप गरी हिसाब मिलान गरेको देखिएकोले उक्त रकम थप गरी हिसाव मिलान गरेको प्रमाण पेश गर्नुपर्दछ ।

ख. म.ले.प.फा.नं. २७० ले कुल आन्तरिक आय रु.२०७५६०.८३, त्यस्तै राजश्वको आम्दानी प्रतिवेदनले रु.२३५८०४८ आम्दानी भएको देखाएकोमा कार्यालयले वास्तविक रुपमा रु.४२ लाख २१ हजार आम्दानी भएको भनी एकीकृत आर्थिक विवरणमा उल्लेख गरेको छ । स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रतिवेदनमा फरक डाटा देखिएको हुँदा यसमा सुधार हुनुपर्दछ ।

९ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरे पनि यथासमयमा दाखिला गरेको देखिएन ।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालय तथा पालिका अन्तरगत रहेका स्वास्थ्य संस्था, आयूर्वेद अस्पताल, भेटेरिनेरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइ तथा डोर हाजिरीहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले श्रममूलक तथा वास्तविक अपनत्व हुने आयोजनालाई प्राथमिकता दिएर उपभोक्ता समिति मार्फत गराउनु पर्नेमा जटिल सामाग्रीको आवश्यक पर्ने र जटिल प्रकृतिको संरचनाको निर्माण कार्य गरेको छ।

• भुक्तानी गर्दा सम्बन्धित पार्टीको नाममा भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयको कर्मचारीहरुको नाममा भुक्तानी दिई निजहरु मार्फत भुक्तानी भएको भनि भरपाई पेश भएको।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१० **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी अषाढ मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने ब्यबस्था छ र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृति भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले (प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने ब्यबस्था छ) यस स्थानीय तहमा बर्तमान उपाध्यक्ष श्री जयपुरी घर्ती मगरले २०८०/०३/१५ गते रु.३८१५०४४३७ को बजेट सभा समक्ष पेश गरी मिति २०८०/३/१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०/४/१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

११ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ७ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

१२ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र पालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष सभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा पालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो पर्न सक्ने अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।

१३ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७३ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा, कार्यक्रम र शिर्षक बाहिर खर्च गर्न नपाउने उल्लेख छ । पालिकाको बार्षिक स्वीकृत कार्यक्रम अनुसार ७८ योजनाको लागि विनियोजन भएको रु.२ करोड ५७ लाख १ हजार बजेट घटाएर ७५ योजनामा रु.२ करोड ५७ लाख १ हजार बजेट वर्षान्तमा रकमान्तर तथा स्रोतान्तर गरेको हुँदा बजेटको सहि सदुपयोग नहुन सक्ने जोखिम रहेको हुँदा आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नु पर्दछ ।

१४ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकामा आन्तरिक लेखापरीक्षक नभएको हुँदा त्रैमासिक रुपमा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । अन्तरसरकारी अख्तियारीको कोष तथा लेखा नियन्त्रक कार्यलयवाट आन्तरिक लेखापरीक्षण गराएकोमा अन्य आम्दानी र खर्चको आन्तरिक लेखापरीक्षण गराएको छैन ।कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१५ **कानुन निर्माण तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ८ वटा ऐन, २ वटा नियमावली, २४ वटा कार्यविधि, १ वटा निर्देशिका समेत ३५ वटा कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

१६ **न्याय सम्पादन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार पालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ। समितिको कार्यमा प्रभावकारिता ल्याउनुपर्ने देखियो ।

| अ.ल्या | यस वर्ष थप | जम्मा | फछ्यौट संख्या | माथिल्लो निकायमा रिफर | मौज्दात |
|---|---|---|---|---|---|
| ४ | ४४ | ४८ | ४१ | ० | ४ |

१७ **योजनाको प्रगति**

पालिकाले पेश गरेको विवरण अनुसार यस वर्ष ८९ वटा योजना विनियोजन गरी ८९ वटा योजना मध्ये ९ वटा योजना ठेक्का मार्फत, १३ वटा कोटेशन मार्फत र बाँकी ५८ वटा योजना उपभोक्ता समिति मार्फत कार्य गरेकोमा २ वटा योजनाको प्रगति २५ देखि ५० प्रतिशत, १ वटा योजनाको प्रगति ५० देखि ७५ प्रतिशत र ८६ वटा योजनाको प्रगति ७५ प्रतिशत रही औषतमा भौतिक प्रगति ९८ प्रतिशत र औषत वित्तीय प्रगति ९७ प्रतिशत भएको छ ।

१८ **योजना र कार्यन्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । संभव भएसम्म ठूला तथा प्रतिफलयुक्त योजना छनौट गरी संचालन गर्नुपर्दछ ।

| क्र.सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | १ लाख सम्म | १३ वटा |
| २ | १ लाख देखि ५ लाख सम्म | २० वटा |
| २ | ५ लाख देखि १० लाख सम्म | ३२ वटा |
| ३ | १० लाख देखि २० लाख सम्म | १८ वटा |
| ४ | २० लाख देखि ५० लाख सम्म | ४ वटा |
| ५ | ५० लाख भन्दा माथि | २ वटा |
| | जम्मा | ८९ वटा |

१९ **कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित स्थाई, करार र ज्यालादारी गरी ३४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जिनियर, प्रशासन अधिकृत, शिक्षा अधिकृत, आन्तरिक लेखा परीक्षक, प्रशासन सहायक, सव-इन्जिनियर, वडा सचिव, जनस्वास्थ्य निरीक्षक, स्टाफ नर्स, कृषि अधिकृत र कृषि सहायक, भेटनरी सहायक सहित २८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२० **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले करार सेवा शुल्कमा विभिन्न पदमा कर्मचारीहरुलाई स्वीकृत दरबन्दीभित्र पालिकाको ७ जना र स्वास्थ्य संस्थातर्फ करारमा राखी रु.२७ लाख ३८ हजार खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरेको छ । पालिकाले विधिपूर्वक स्थाई पदपुर्ति गर्ने तर्फ ध्यान दिनु पर्दछ।

२१ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १९ जना कर्मचारीको रु.९९ लाख १८ हजार, पालिका तथा वडातर्फ १७ जना स्थायी कर्मचारीको रु.१ करोड १० लाख ७८ हजार र आयुर्वेदतर्फ १ कर्मचारीको रु.६ लाख ६८ हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२२ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविधतर्फ रु.५१ लाख विनियोजन गरी ५० लाख खर्च गरेको छ । खाना तथा महोत्सव, अतिथि सत्कार लगायतका विविध कार्यमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरि गर्नु पर्नेमा सो गरेको देखिएन । पालिकाले आगामी दिनमा मापदण्ड बनाई अवस्यकता र औचित्यको आधारमा खर्च गरि यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

२३ **सवारी व्यवस्थापन**

सवारी सञ्चालन तथा मर्मत कार्यका लागि लगबुक तथा मर्मत अभिलेख कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले म.ले.प. फारम प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।

• पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्ता व्यहोरा खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।

• पालिकाका यस वर्ष ईन्धन र सवारी साधन मर्मत शीर्षकमा रु.७ लाख विनियोजन गरी रु.४ लाख ६० हजार रकम खर्च गरेको छ । कन्टिन्जेन्सिवाट पनि ईन्धन र मर्मतमा खर्च गरेको छ ।

२४ **अबण्डा बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यस वर्ष प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन रु.१० लाख, विविध मागमा आधारित रु.७ लाख ११ हजार र विविध खर्च रु.५१ लाख अबण्डा बजेट राखी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

२५ **क्षेत्रगत बजेट**

पालिकाको कुल बजेट रु.३८ करोड १५ लाख ४ हजार र खर्च रु.३३ करोड ५२ लाख ८० हजार खर्च भई समग्रमा ८७.८८ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ ।

| क्र स | क्षेत्रगत बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| 1. | आर्थिक विकास | १४२४५९१७.११ | ४.२५ |
| 2. | सामाजिम विकास | १९४३७५९२३.१९ | ५७.९७ |
| 3. | पूर्वाधार विकास | ४८१३९८४८ | १४.३६ |
| 4. | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५६९१४६० | १.७ |
| 5. | कार्यालय संचालन तथा प्रशासनिक | ७२८२६५४०.८३ | २१.७२ |
| जम्मा | | ३३५२७९६८९.१३ | १०० |

उपर्युक्त विवरण अनुसार गाँउसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५७.९७ प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिकमा २१.७२ प्रतिशत, पूर्वाधार विकासमा १४.३६ प्रतिशत, आर्थिक विकास तर्फ ४.२५ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.७ प्रतिशत मात्र रहेको देखियो । अत: आर्थिक विकास, तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।

## २६ त्रैमासिक पुँजिगत खर्च तथा प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | खर्च शीर्षक | कुल पूजिगत खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| 1 | पुँजिगत | ९२०८७ | ६६५२ | ५८०४ | १९१६९ | ६०४६० | ४५३५२ |

## २७ सेवा प्रबाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउने तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यावन्यनमा ल्याउन सक्ने ब्यवस्था गरेको छ । पालिकाले आ.व. २०८०।८१ मा प्रवाह गरेको सेवाको विवरण निम्न छन् :

| वितरण | जम्मा |
|---|---|
| जन्मदर्ता | ६१८ |
| मृत्युदर्ता | १९६ |
| बसाईसराई दर्ता | ६८ |
| विवाह दर्ता | २५८ |
| संम्वन्ध विच्छेद दर्ता | ३७ |
| पूर्वाधार विकास सडक निर्माण | १० |
| कालोपत्रे सडक निर्माण | ६ |
| घरजग्गा पास निवेदन | ५ |

## २८ पदाधिकारी सुविधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धि ऐन, २०७६ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाका सदस्यले अनुसूची १ मा उल्लेख भएको सुबिधा बमोजिम आ.ब २०८०/८१ मा रु.६५ लाख ४३ हजारको खर्च लेखि रकम भुक्तानी भएको देखिन्छ ।

## २९ कोष व्यवस्थापन

गाउँपालिकाले प्रकोप व्यवस्थापन कोष र खर्च खाता कोष जस्ता विभिन्न नामले कोष खडा गरेको छ । आवश्यक नदेखिएका कोषहरु आपसमा मर्ज गरी एउटै कोषवाट कार्य संचालन गर्ने गरी कार्य गर्नुपर्दछ ।

## ३० वितरणमुखि तथा अनुत्पादक खर्च

स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने देहायवमोजिम वितरणमुखी कार्यक्रमहरु खर्च लेखेको छ । पालिकाको आन्तरिक आयले प्रशासनिक खर्च समेत व्यहोर्न नसकिएको अवस्थामा पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरुत्साहित गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरु वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका

कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरुलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहोरो भए नभएको एकिन गर्नुपर्दछ ।

३१ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.२३ लाख ८० हजार प्राप्त गरेको राजश्व अनुमान र प्राप्ति विवरणमा देखाएतापनि पालिकाको वास्तविक आय रु.४२ लाख २१ हजार रहेको पालिकाले जनाएको छ । सुत्रमा कम रकम आम्दानि बाधिएको सम्बन्धमा पालिकाले एकिन गरी सम्पुर्ण रकम सम्बन्धित शिर्षकमा सुत्रमा आम्दानि बाध्नुपर्दछ । साथै आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | प्राप्ति |
|---|---|---|---|
| १ | भुमिकर/मालपोत | ३५, ०० , ०००.०० | २१, ९१ , ६१०.०० |
| २ | वहाल कर | ० | ६,०४८.०० |
| ३ | अन्य कर | १५, ०० , ०००.०० | ० |
| ४ | परीक्षा शुल्क | ० | १,०००.०० |
| ५ | अन्य प्रशासनिक सेवा शुल्क | ० | २५,०००.०० |
| ६ | सिफारिश दस्तुर | ० | ८३,३९०.०० |
| ७ | अन्य दस्तुर | ० | ७,०००.०० |
| ८ | न्यायिक दण्ड , जरिवाना र जफत | ० | ६०,०००.०० |
| ९ | व्यवसाय कर | ० | ५,०००.०० |
| जम्मा | | ५०, ०० , ०००.०० | २३, ७९ , ०४८.०० |

३२ **राजश्व अभिलेख**

नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म.ले.प. फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म.ले.प.फा. नं. २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अतः नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

३३ **व्यवसाय कर**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष व्यवसाय कर बापत रु.५ हजार प्राप्त भएको छ । पालिकाले क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीलाई करको दायराभित्र ल्याउनु पर्दछ ।

३४ **राजश्व परामर्श समिति**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ । उक्त समितिको काम, कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ । राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अतः नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ ।

### ३५ राजश्व संकलनको स्थिति

पालिकाले एकिकृत आय-व्यव्य विवरणका आन्तरिक आयवापत रु. ४२ लाख २१ हजार ४०७.६४ आम्दानी देखाएको शिर्षकगतरुपमा सोको तेरिज पेश हुन सकेन ।वडागत रुपमा संकलित राजश्वको विवरण यसप्रकार छन्

| क्र. सं. | विवरण | रकम ( रु.) |
|---|---|---|
| १ | वडा नं १ | ४०८०२०।० |
| २ | वडा नं २ | ५०२४१०।० |
| ३ | वडा नं ३ | ३०६६०३।६४ |
| ४ | वडा नं ४ | १३७९८०।६५ |
| ५ | वडा नं ५ | ४१७२१३।० |
| ६ | वडा नं ६ | १५९००३।० |
| ७ | गाँउपालिका | २२९०१७७।३५ |
| जम्मा | | ४२२१४०७।६४ |

पालिकाले संकलन गरेको राजश्वमध्ये भु सेवावाट रु. १७०५००।० र निकाशि करवाट रु. ३१००००।० संकलन गरेको विवरण प्राप्त भएको छ । बाँकि राजश्व रु. १८०९६७७।३५ कुन कुन शिर्षकमा कसले जम्मा गरेको खुल्ने तेरिज प्राप्त हुन सकेन । ठेक्का प्रक्रियामा सहभागी हुनेले जम्मा गरेको विडवण्ड, बेरुजु दाखिला लगायत विभिन्न प्रयोजनमा जम्मा भएकोमा पालिकाले सोको लेखांकन गरेको छैन । खातामा जम्मा भएको रकमलाई एकमुष्ट आम्दानी बाधी एकिकृत आयव्यय विवरण तयार गरेको छ । यसवाट आम्दानीको यथार्थतामा एकिन हुन सकिएन ।राजश्व शाखाको लागि जिम्मेवार कर्मचारी तोकि मासिकरुपमा लेखांकन तथा हिसाव मिलान गर्नुपर्दछ ।

### ३६ एम्बुलेन्सको आम्दानी

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६९ अनुसार पालिकालाई प्राप्त हुने आम्दानी सन्चित कोषमा जम्मा गर्नुपर्दछ । पालिकाले सन्चालन गरेको एम्बुलेन्सले स्थानीय जनतालाई सेवा उपलब्ध गराएवापत आर्जन गरेको आयलाई रसिद काटेर आम्दानी जनाई सन्चित कोष खातामा आम्दानी बाध्नुपर्नेमा पालिकाले सो आम्दानीबाट एम्बुलेन्सको लागि इन्धन र मर्मत खर्च भुक्तानी गरी वचेको रकममात्र खातामा जम्मा गर्ने गरेको छ । २०८०।८१ मा पालिकाले एम्बुलेन्स सेवा उपलब्ध गराएवापत रु. ३१७१००।० आम्दानी गरेकोमा रु. २७१४५३।० खर्च गरी बाँकि रकम रु. ७०५२३।० जम्मा गरेको छ ।यसवाट पालिकाको वास्तविक आम्दानी र बास्तविक खर्चको लेखांकन नहुने साथै आम्दानी रकमको गलत प्रयोग हुने सम्भावना हुनाले सम्पुर्ण आम्दानी रकम आय खातामा जम्मा गरी विनियोजित वजेटवाट इन्धन, मर्मतलगायतका काममा भुक्तानी दिनुपर्दछ ।

### ३७ बिक्रि गर्न सक्ने

पालिकाले स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ६२क वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्र प्रारम्भिक वातावरणिय प्रभाव मुल्यांकन र प्रारम्भिक वातावरणीय परिक्षणवाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा र माटो आदि विक्रि गर्न सक्ने व्यवस्था छ ।सोअनुसार प्रदेश आर्थिक ऐनले तोकेको दरमा बिक्रि गर्न सकिनेमा हालसम्म पालिकाले ऐनको प्रक्रिया पुरा गरी ठेक्का प्रक्रियामा

गएको छैन । यसवाट पालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने अवसर गुमेको छ । आगामी दिनमा ऐनको प्रक्रिया पुरा गरी पालिकाभित्रका ढुङ्गा, गिट्टि तथा वालुवा विक्रिका लागि ठेक्का प्रक्रियमा जानुपर्दछ ।

३८ **राजश्व असुली**

पालिकाले वडागत राजश्वको नगदी रसिद र सोको जम्मा भौचर परिक्षण गर्दा निम्न व्यहोरा देखिएका छन्:

क) वडा नं २ का वडा सचिवले बुझेका नगदी रसिदमध्ये मालपोततर्फको र.नं. ४३०१-४३५० को रु. ७२४१०।६४, नगदी रसिदतर्फको र.नं. ८४५१-८५०० को रु. २१२७०।० र र.नं. १०००१-१००५० को रु. १३५००।० गरी जम्मा रु. १०७१८०।६४ असार महिनासम्म दाखिला गर्न बाँकि रहेकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) बमोजिम १० प्रतिशत जरिवानासहित रु.११७८९८।० दाखिला गर्नुपर्दछ ।

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ३८.१ | वडा नं २ को वडा सचिव | ११७,८९८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१७,८९८ |

३९ **प्रोत्साहन भत्ता**

सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारीलाई साविकमा प्रदान गरिदै आएको पोशाक खर्च, महँगी भत्ता र स्थानीय भत्ता वाहेकका प्रोत्साहन भत्ता, अतिरिक्त समय काम गरे वापतको भत्ता, जोखिम भत्ता, विशेष भत्ता, खाना वा खाजा खर्च लगायत कुनै प्रकारको भत्ता प्रदान नगरिने उल्लेख छ । पालिकाले कार्यपालिकाबाट निर्णय गराइ अतिरिक्त कार्य गरे बापत ४ जना कर्मचारीहरुलाइ ४५ दिनको अतिरिक्त प्रोत्साहन भत्ता रु २ लाख ४८ हजार ६ सय उपलब्ध गराएको छ । अतिरिक्त कार्य गरेको वस्तुगत सूचक र मापदण्ड तयार गरेर मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्दछ।

४० **ईन्धन खर्च**

सार्वजनिक खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाले ईन्धन खर्चमा यस वर्ष रु.२४ लाख ७० हजार खर्च लेखेको छ। ईन्धन खर्च शिर्षकमा देहायअनुसार खर्च गरेको छ।

| विवरण | मापदण्ड अनुसार | वार्षिक खर्च | औषत दर | रु. मा |
|---|---|---|---|---|
| ३० जना सम्म दरबन्दी भएको मापदण्ड | डिजल १०० लि. | २४०० | १५५ | ३७२००० |
| | पेट्रोल ७५ लि. | | | |
| २७ मोटरसाईकल | १० लि. | २४०० | १८५ | ४४४००० |
| हुनुपर्ने खर्च रकम | | | | ८१६००० |
| वित्तीय विवरणमा खर्च रकम | | | | २४७०००० |

क. यसका अतिरिक्त पालिकामा १ थान जेसिविलाई इन्धन प्रयोग हुँदा समेत कार्यालयको सवारी साधन तथा उपकरणको प्रयोग र ईन्धन खर्चको तादम्यता मिल्ने देखिदैन। मापदण्ड अनुसार हुने र भएको इन्धन खर्चबीच ठूलो रकम फरक परेको कारण यसतर्फ पालिकाको ध्यान जानुपर्दछ । पालिकाले मापदण्ड भित्र रहेर ईन्धन खर्च गर्नुपर्दछ ।

४१ **सल्लाहाकार**

स्थानीय तहका पदाधिकारी तथा सेवासुविधसम्बन्धि ऐन, २०७६ मा पदाधिकारीका लागि स्वकिय सचिव र सल्लाहाकार राखि पारिश्रमिक दिने व्यवस्था छैन । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को पत्रअनुसार मापदण्ड वनाई यस्तो खर्च लेख्ने उल्लेख गरेतापनि यस्तो मापदण्ड वनाएको देखिएन । पालिकाले यस वर्ष १ कानूनी सल्लहाकार र १ प्रेस

संयोजकबाट परामर्श सेवा लिई क्रमश रु.५,४९,५००।० र ३,८२,०००।० भुक्तानी दिएको छ । सल्लाहाकारवाट सेवा लिँदा स्पष्ट कार्यविवरण तयार गरी सोको मुल्यांकनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ ।

४२ **अपाङ्ग छात्रावास खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं. ९६५/२०८१/३/२२ बाट श्री कृष्ण माध्यामिक विद्यालयको अपांग छात्रावासमा रहेका ११ जना विद्यार्थीहरुलाइ खाना र बसोबासका लागि रु १८६१८२ भुक्तानी गरेको छ । विद्यालयले पेश गरेको बिल भरपाइमा विद्यार्थिलाइ प्रतिदिन उपलब्ध गराउने खाना खाजा खर्चको परिमाणगत विवरण तयार नगरी एकमुष्ट खर्चको बिलभरपाइ पेश गर्दा छात्रावासका विद्यार्थीहरुलाइ दैनिक आवश्यक पर्ने क्यालोरीको परिमाण अनुरुप भए खाना भए नभएको एकिन गर्न सकिएन ।

४३ **रेडक्रसलाई अनुदान**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाइ तथा प्रमाण कागजात संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था छ। गो.भौ.नं. ९६३/२०८१/३/२१ बाट पालिकाले नेपाल रेडक्रस सोसाइटी रोल्पा शाखालाई रु.३ लाख बिल भरपाई बेगर अनुदान उपलब्ध गराएको छ । अनुदान उपलब्ध गराएको रकम नेपाल रेडक्रस सोसाइटीले खर्च गरेको बिल भरपाइ रु.३०००००० को प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,००,००० |

४४ **पदाधिकारी सेवा सुविधा**

पालिकाले यस वर्ष ३४ जना पदाधिकारीलाई निम्नानुसारको सेवा सुविधा उपलव्ध गराएको छ ।

| | चाडपर्व खर्च | यातायात | पत्रपत्रिका | टेलिफोन | अतिथि सत्कार | जनसम्पर्क | खानेपानी | मर्मत | बार्षिक जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| अध्यक्ष | १५००० | १२००० | ४००० | ३५०० | ६००० | १०००० | ५००० | ५००० | ५६१००० |
| उपाध्यक्ष | १५००० | १२००० | ४००० | ३००० | ५००० | ८००० | ५००० | ५००० | ५१९००० |
| वडा अध्यक्ष | १२००० | १०००० | ३००० | ३००० | ४००० | ६००० | ० | ० | १९४४००० |
| कार्यपालिका सदस्य | १०००० | ६००० | ३००० | ३००० | ० | ५००० | ० | ० | ८५६००० |
| वडा सदस्य | ७००० | ३००० | २००० | २५०० | ० | ३००० | ० | ० | २६६०००० |
| बार्षिक जम्मा | २८२००० | २०१६००० | ९३६००० | १०३८००० | ४२०००० | १६०८००० | १२०००० | १२०००० | ६५४०००० |

४५ **दोहोरो बैठक भत्ता**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **दोहोरो तथा बढी भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा दोहोरो भ्रमण खर्च लेख्न नपाइने र नेपाल सरकार, अर्थ मन्त्रालय कार्यक्रम संचालन निर्देशिका, २०७७ को ७.१.१ मा कार्यलय समय भित्र कार्यालयका कर्मचारीहरु मात्र बैठक बसी बैठक खर्च लेख्न नपाइने उल्लेख छ ।

पालिकाले नियम विपरित देहायका कर्मचारी र पदाधिकारीहरुलाइ एउटै मितिको बैठक भत्ता र भ्रमण खर्च भुक्तानि गरेको असूल गर्नुपर्ने रु.

| क्र.सं. | गो.भौ.नं. र मिति | विवरण | पदाधिकारी तथा कर्मचारीको नाम थर | असूल गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १ | ५२६/२०८०/११/६ | मिति २०८०।०७।२४ मा वडा समितिको बैठक बसेको अवस्थामा २०८०।०७।२३ देखि २५ सम्म माडी गाउँपालिका कार्यालय आएको दैनिक भ्रमण भत्ता समेत लिएको | अफिम घर्तीमगर | ४८९० |
| २ | २५८/२०८०/८/२२ | मिति २०८० मंसिर ११ गते बैठक वडा समितिको बैठकमा सहभागी भइ बैठक भत्ता भुक्तानी लिएकोमा २०८० मंसिर १० देखि १३ सम्म हेफरको कार्यक्रममा सहभागी भएको दैनिक भ्रमण भत्ता दोहोरो भुक्तानी लिएको रु | वड नं २ का वडा अध्यक्ष ललित घर्तीमगर | ६५७५ |
| ३ | ८२४/२०८०/३/२ | मिति २०८० असोज ०९ गते वडा समितिको आ . व . २०८०।८१ को बैठक नं ७ मा बैठक बसेको भत्ता भुक्तानी लिएकोमा सोही अवधिको मिति २०८०।०६।०८ देखि २०८०।०६।१४ मा भ्रमण खर्च भुक्तानी असूल गर्नुपर्ने रु | वडा सचिव रमेश कुमार वली | ७२१० |
| जम्मा | | | | १८६७५ |

| असुल गर्नुपर्ने | १८,६७५ |
|---|---|

## ४७ दोहोरो भ्रमण भत्ता

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाइ तथा प्रमाण कागजात संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था छ । गो.भौ.नं. ८५१।२०८१।०३।१० बाट पालिकाले सव इन्जिनियर दिपेन्द्र घर्तिमगरलाइ प्रदेश सुशासन केन्द्रको Building Code तालिममा सहभागी हुन आवासीय व्यवस्था सहितको Hotel Dream International Butwal पठाएकोमा पालिकाबाट समेत दैनिक तथा भ्रमण भत्ता भुक्तानि भएको रु.३६०० असूल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,६०० |
|---|---|

## ४८ फोहोरमैला ब्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले घर्तीगाउँ बजार क्षेत्रको फोहरमैला व्यवस्थापन गर्न घर्तीगाउँ टोल विकास संस्थालाइ बार्षिक रु.५ लाख ३६ हजार भुक्तानी दिएकोमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

• पालिकाले फोहरमैला व्यवस्थापनको व्यवस्थित र योजनाबध्द्ध प्रयास नगरी टोल विकास विकास संस्था मार्फत कार्य गराएको छ ।

• बजारबाट फोहरमैला व्यवस्थापन गर्ने स्थलसम्म ट्याक्टर मार्फत प्रति ट्रिप ९००० का दरले भुक्तानी दिएको घर्ती गाउँ टोल विकास संस्थाले भरपाइ पेश गरेको छ । फोहर संकलन गर्ने स्थान देखि विसर्जन स्थलसम्मको दुरी र संकलन गर्ने फोहरको परिमाण लगायतको विषयको यथार्थ मूल्यांकन गरी प्रति ट्रिप भुक्तानी खर्च लेख्नुपर्नेमा सो नगरेको देखिदा उल्लेखित खर्च यथार्थपरक छ भन्न सकिने देखिएन ।

• फोहरमैला व्यवस्थापनको राष्ट्रिय नीति, २०७९ अनुसार फोहरमैला विसर्जन स्थलको मापदण्ड निर्धारण गरी नदी प्रणाली, ताल, सिमसार क्षेत्र वन्यजन्तुको वासस्थल, धार्मिकस्थल, सम्पदाक्षेत्र, संरक्षित क्षेत्र, सडक अधिकार क्षेत्र व अन्य सार्वजनिक स्थानमा फोहरमैला विसर्जन गर्न पूर्णरूपले प्रतिबन्धित र फोहरमैलालाई स्रोतमै वर्गीकरण गरी पुनःप्रयोग, प्रशोधन र कम्पोष्टिङ गर्ने कार्यलाई प्रोत्साहन गर्ने तथा न्यूनीकरण गरी विसर्जन स्थलको उपयोगलाई दिगो बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

## ४९ अनुगमन तथा यातायात खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९( ५ ) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाइ तथा प्रमाण कागजात संलग्न गरेर मात्र भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था छ। देहायका यातायात भत्ता तथा ईन्धन सुविधा लिने

पदाधिकारी एवम् कर्मचारीहरुलाई यातायात खर्चबापत अनुगमन भत्ता भुक्तानी दिएकोमा दोहोरो खर्च लेख्ने आधार पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| गो.भौ.नं. र मिति | विवरण | पदाधिकारी र कर्मचारीको नाम थर | असूल गर्नुपर्ने रकम |
|---|---|---|---|
| ९६२, २०८१।०३। २१ | वडामा भएको कृषि यान्त्रीकरण तालिमको अनुगमन भत्ता | तेजेन्द्र बुढामगर | ३००० |
| ९६२, २०८१।०३। २१ | वडामा भएको कृषि यान्त्रीकरण तालिमको अनुगमन भत्ता | इन्द्रबहादुर बि सी | ३००० |
| ९१०, २०८१।०३। १९ | वडा कार्यालयको जनप्रतिनिधीहरुले कर्मचारीहरुले मालपोत कर उठाउँदाको दैनिक भत्ता | वडा नं को वडा समिति र कर्मचारीहरु | २४००० |
| जम्मा | | | ३०००० |

| असुल गर्नुपर्ने | ३०,००० |
|---|---|

## ५० फिल्ड भत्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार नियम ४१(च) अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा कुनै काम अनावश्यक रुपमा दोहोरो खर्च हुने गरी भए नभएको यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पालिका र मातहतका वडा कार्यालयमा कार्यरत प्राविधिकको लागि सरकारी सवारी साधन, इन्धन र मर्मत खर्च उपलब्ध गराइरहेको अवस्थामा कार्यपालिकाबाट निर्णय गरी १ जना सव-इन्जिनियरलाई मासिक रु.१२०००, ४ जना असिस्टेन्ट सव-इन्जिनियरलाई मासिक रु.१०००० र १ जना खा.प.स.टे. लाई मासिक रु.१०००० गरी वार्षिक रुपमा कर्मचारी प्रोत्साहन तथा फिल्ड भत्ता वापत रु.७४४००० भुक्तानी भएको छ । पालिकाले कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता वितरण कार्यविधि तयार गरी सो कार्यविधिले निर्धारण गरेको सुचकको आधारमा प्रोत्साहन भत्ता वितरण गरी दोहोरो सुविधा भुक्तानी हुने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

## ५१ टुहुरा विद्यार्थि शैक्षिक सहायता भत्ता

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाइ तथा प्रमाण कागजात संलग्न गरेर मात्र औचित्यका आधारमा भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था छ । गो.भौ.नं. ८४७/ २०८१/३/१० बाट पालिकाले वडा नं. २ का १५ जना टुहुरा बालबालिकाहरुलाइ शैक्षिक सहायता भत्ता स्वरुप रु१ लाख ७५ हजार नगद सहायता उपलब्ध गराएको छ । यसरी शैक्षिक सहायता उपलब्ध गराउँदा उक्त विद्यार्थिहरु नियमित विद्यालय गैरहेको , अध्ययनमा सुधार भए/ नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

## ५२ बैदेशिक भ्रमण खर्च

स्थानीय तहका पदाधिकारीको विदेश भ्रमणसम्बन्धि निर्देशिका, २०७५ को दफा ४.१.ख अनुसार गाँउपालिका अध्यक्षको वैदेशिक भ्रमणको मनोनयन संघीय मामिला तथा समान्य प्रशासन मन्त्रिले गर्ने व्यवस्था छ । पालिका अध्यक्षले दक्षिण कोरियाको KASDC संस्थाको April 5 2024 को निमन्त्रणापत्रअनुसार २०२४ को मे १५ देखि १७ सम्म कोरिया भ्रमण गर्नुभएकोमा निर्देशकावमोजिम मनोनयन भएको देखिएन । उल्लेखित निमन्त्रणापत्रमा एयरफेयर, लजिङ्ग र फुडिङ्गलगायतका सम्पुर्ण खर्च पालिका स्वयमले व्यहोर्ने प्राबधानअनुासर पालिकाले भौ नं ८५२।२०८१।०३।११ बाट पालिका अध्यक्ष अमरसिंह घर्तीमगरलाइ दक्षिण कोरियामा क्षमता विकास तथा अनुभव आदान प्रदान कार्यक्रममा सहभागी भएको भनी दैनिक तथा भ्रमण खर्च बापत रु २९५१५० खर्च लेखेको छ । यसरी नेपाल सरकारले जारी गरेको निर्देशिकाअनुसार मनोनयन नगरी बिदेशि संस्थाको सोझो निमन्त्रणाको आधारमा गएको बैदेशिक भ्रमणको लागि भुक्तानी भएको रकम नियमसम्मत देखिएन ।

| अनियमित भएको | २,९५,१५० |
|---|---|

## ५३ छात्रावास खर्च भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो भौ नं ७२०/२०८१/२/२० बाट श्री सिध्द्ध कैलाश माध्यामिक विद्यालयको छात्रावासमा विद्यार्थीहरुलाइ खाना र बसोबासका लागि रु.५ लाख ५५ हजार खर्च लेखेकोमा देखिएका व्यहार देहाय बमोजिम छन् ।

• विद्यालयले पेश गरेको बिल भरपाइमा विद्यार्थिलाइ प्रतिदिन उपलब्ध गराउने खाना खाजा खर्चको परिमाणगत विवरण तयार नगरी एकमुष्ट खर्चको बिलभरपाइ पेश गर्दा छात्रावासका विद्यार्थीहरुलाइ दैनिक आवश्यक पर्ने क्यालोरीको परिमाण अनुरुप भए खाना भए नभएको एकिन गर्न सकिएन ।

• विद्यालयले छात्रावास सन्चालनको लागि आवश्यक फर्निचर र भाडाकुडा लगायतका सामग्री खरिद गरेकोमा सो सामग्रिको जिन्सी आम्दानि बाधेको एकिन हुन पालिकाले अनुगमन गर्नुपर्दछ ।

५४ **विल भरपाई पेश**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाइ तथा प्रमाण कागजात संलग्न गरेर मात्र औचित्यका आधारमा भुक्तानी खर्च लेख्नु पर्ने व्यवस्था छ । गो.भौ.नं. ८५५/२०८१/३/१२ मा पालिकाले कार्यक्रम सन्चालन गर्ने प्रस्तावनाको आधारमा आर्थिक बर्षको अन्तिममा खेलकुद विकास समितिलाई रु.५ लाख खर्च लेखेको रकम खर्च भएको सम्बन्धमाा सम्बन्धित समितिबाट काम सम्पन्न गरेको प्रमाण पेश गर्ने गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

५५ **भु सेवा सहजीकरण**

पालिकाले मालपोत कार्यालय घर्तीगाउँमा सेवा लिन आउने सेवाग्राहीको सहजताका लागि २ जना भू सेवा सहयोगी कर्मचारीलाइ दैनिक ज्यालादारीमा नियुक्त आफ्नै भू सेवा केन्द्र स्थापना गरेको छ । उक्त मालपोत कार्यालय परिसरमा रहने अन्य भू सेवा केन्द्रको तुलनामा सुलभ दरमा सेवाग्राहीलाई सेवा दिइरहेको पालिकाले बताएको भएता पनि भू सेवा केन्द्रमा आउने अधिकांश सेवाग्राही सूचनाको अभाव र जानकारीमा सेवा लिन नसकेको जानकारी प्राप्त भयो । पालिकाले भू सेवा केन्द्रलाइ व्यवस्थित बनाई सोको जानकारि सेवाग्राहीसम्म पुर्याउने गरी पालिकाको संयन्त्रहरुमार्फत प्रचार प्रसार गरि सेवा केन्द्रलाइ प्रभावकारी बनाउनु पर्दछ ।

५६ **गैर सरकारी संस्था : हेफर नेपाल**

५६.१ पालिकाले गैह्र सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमूलक उद्यमशील र व्यावसायिक कृषि व्यवसाय विकास गर्न खासगरी बोका बाख्रा वितरण, खोर निर्माण एंव उद्यमशिलता तालिम संचालन गर्न माडी गाउँपालिकाले मिति २०७९।०६।०९ मा प्रस्ताव आव्हान गरी २०७९ माघ २० मा सम्झौता गरी २०८२ असार १६ सम्ममा कार्यसम्पन्न गर्ने गरी मिति २०७९ माघ २० मा रु.३ करोड ५७ लाख १४ हजार लाखको सम्झौता गरी यो बर्ष रु.८४ लाख ३१ हजार ९ सय ५१ समेत हाल सम्म रु.१ करोड ९ लाख ३१ हजार ९ सय ५१ भुक्तानी गरेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

५६.२ हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको रु.१ करोड ९ लाख हजार कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैरसरकारी संस्थाको आफ्नै कर्मचारीको तलव, भ्रमण खर्च साझेदारी रकममा परेको र बैँक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।

५६.३

पालिकाले आफ्ना कर्मचारीहरुबाट गराउन सक्ने कार्यक्रमहरु पालिकाकै कर्मचारीहरु परिचालन गरी गर्नु पर्दछ । पालिकाले यस कार्यक्रमवाट कार्यान्वयन गर्ने बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्बन्धि तालिम कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै गराउन सक्ने अवस्थामा कर्मचारीहरुवाट नगराई हेफर प्रोजेक्ट नेपालवाट गराईनु युक्तिसंगत देखिएन । यस कार्यक्रममा आर्थिक बर्ष २०८०।८१ मा पालिकाले रु.८४ लाख ३१ हजार खर्च गरेको छ । कृषि शाखा तथा पशु शाखामा कार्यरत कर्मचारीहरुलाई प्रभावकारी रुपमा उपयोग गरि कार्य गर्नुपर्नेमा नियमित प्रकृतिको कार्य गैरसरकारी संस्थाबाट गराउनु नियमसंगत देखिएन ।

५६.४ सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

५६.५ सम्झौताको बुँदा नं. ८ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन । उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ । यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायकी विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन । वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आश्वस्त हुन सकिएन ।

५६.६ सम्झौताको बुँदा नं. ९ अनुसार साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकाबाट स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन् ।

५६.७ समग्रमा यि माथिका तथ्यहरुले गर्दा उक्त संस्थावाट भएको खर्च नियमसम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ८४,३१,९५१ |

५७ **परामर्श सेवा खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| गो.भौ.नं र मिति | डि पि आर | परामर्शदाताको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ६/२०८०/८/२२ | घर्तिगाँउ घुम्ति देखि जगबोट पेली खोला झिनुवा त्रिवेणीसम्म स्तरउन्नति तथा कालोपत्रे कार्य | जलजला इन्जिनियरिङ कन्सल्टेन्ट प्रा.लि. | ९९१६८८ |
| ६२/२०८१/३/२२ | आइसिटी नीति तयारी | डभलप्मेन्ट इनिसिएसन नेपाल प्रा.लि. | ३९९००० |
| ६३/२०८१/३/२२ | मगरआदी वासी पाठ्यक्रम/पाठ्य पुस्तक निर्माण | मगरआदी वासी प्राज्ञिक प्रतिष्ठान | ९९७००० |
| जम्मा | | | २३८७६८० |

५८ **घर्तिगाँउ घुम्तिदेखि जगबोट पेरीखोला झिनुवा सडकको डिपिआर**

५८.१ पालिकाले घर्तीगाउँ घुम्ती देखि जगबोट पेरीखोला झिनुवा सडकको विस्तृत अध्ययन प्रतिवेदन तयार गरे वापत जलजला इन्जिनियरिङ कन्सल्टेन्सीलाई गो.भौ.नं. ६/२०८०/८/२२ बाट रु.९९१६८८ भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

क) पालिकाले परामर्श सेवा प्रदायक समूहका सदस्यहरु टिम लिडर, वातावरण विज्ञ, भूगर्भविद, जलविज्ञ र सिभिल इन्जिनियरको लागि डेक्स वर्क, फिल्ड वर्क र रिपोर्ट तयारी कार्यलाई समान दर हुने गरी प्रति दिन रु.६१५३ (वातावरण विज्ञलाई प्रति दिन रु.६५९४) दरले भुक्तानी दिएकोमा उक्त समान दरमा भुक्तानी दिने कार्यको प्रमाण पेश गर्नुपर्दछ ।

ख) सम्झौता अनुसार टिम लिडरको न्यूनतम कार्य अनुभव ५ वर्ष र अन्य व्यक्तिको हकमा ३ वर्ष उल्लेख गरेकोमा लागत अनुमान तयारीको क्रममा टिम लिडरलाई प्रति दिन रु.६१५३, वातावरण विज्ञलाई रु.६५९४ र अन्य कर्माचारीलाई टिम लिडर बराबर हुने गरी पारिश्रमिक भुक्तानी हुने आधार पेश गर्नुपर्दछ ।

ग) परामर्शदाताले शोधभर्ना हुने गरी रु.१३८००० भुक्तानी भएकोमा सोको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३८,००० |

५८.२ यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

५८.३ परामर्शतदातालाई दिएको टर्म अफ रिफरेन्समा ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ३० प्रतिशत इन्सेप्सन रिपोर्ट पेश भएपछि, ४० प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ३० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था बमोजिम आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

५८.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खप्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेशगर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले पालिका भवन लगायतका अन्य विभिन्न कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ।

५८.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको

खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ ।

## ५९ सेनिटरी प्याड खरिद

सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धीत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनिटरी प्याड वितरण गर्ने गरी सम्बन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी सोको भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । गाउँपालिकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त शिर्षकमा गो.भौ.नं. १७७/2080/९/१९ बाट आर.जि.एम. ट्रेडिङबाट ३०५६८ पिस प्रति पिस रु.५ (मु.अ.कर बाहेक) का दरले रु.१७२७०९ र सेनिटरी प्याड डिस्पोजल मेसिन खरिद गरेवापत सगरमाथा सर्जिकल एण्ड केमिकललाई गो.भौ.नं. १७८/२०८०/९/१९ बाट रु.८९८३५० भुक्तानी भएको छ । सेनिटरी प्याड वितरण कार्य प्रभावकारी भए/नभएको साथै सेनिटर प्याड डिस्पोजल मेसिनका सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार रहेको छः

क) पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु संख्या यकिन गरी पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा पालिकाले ६ कक्षा भन्दा माथिको कक्षामा रहेका छात्राको वार्षिक रुपमा आवश्यक पर्ने परिमाणको विश्लेषण गरी सेनेटरी प्याडको लागत अनुमान बनाई खरिद ऐन अनुसार खरिद गर्नुपर्नेमा सो नगरी मूल्यसूचीको आधारमा खरिद गर्ने कार्य गरेको हुँदा आगामी दिनमा पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

## ६० समानीकरणवाट शिक्षकको तलव भत्ता

समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई नेपाल सरकारको योजना कार्यान्वियन गर्न सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । सोवमोजिम नेपाल सरकारले स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलव भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउदै आएको छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ देखि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१,४४,६५,०२१।०० तलब भत्ता भुक्तानी गरेको छ । विद्यालयहरु आवश्यकताअनुसार मर्ज गरी यसरी खर्च लेख्ने प्रवृत्ति नियन्त्रण गर्नुपर्दछ ।

## ६१ शैक्षिक पँहुच सुनिश्चितता

पालिकाले शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत निम्नानुसारका ४ वटा सामुदायिक सिकाई केन्द्रलाई मासिक रु.१०००० का दरले चाडपर्व र पोशाक खर्च सहित वार्षिक रुपमा रु.५६०००० भुक्तानी भएकोमा उक्त भुक्तानी भएको रकमबाट सामुदायिक सिकाई केन्द्रमा कति जना कुन कुन क्षेत्रका अभिभावक विहिन बालबालिका तथा अन्य व्यक्तिलाई अध्ययन गराएको सोको यथार्थ विवरण सहित आवश्यक प्रमाण कागजात पेश गरी रकम भुक्तानी गर्नुपर्नेमा सो नगरेको देखिएकोले सो सम्बन्धी प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| सामुदायिक सिकाई केन्द्रको नाम | क्रियाकलाप | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| नवाङ सिद्ध सामुदायिक अध्ययन केन्द्र | साहाराविहिन बालबालिकालाई शिक्षण सिकाई तथा पालनपोषण | १४०००० | प्रमाण कागजात पेश नभएको |
| बागेश्वरी सामुदायिक अध्ययन केन्द्र | साहाराविहिन बालबालिकालाई शिक्षण सिकाई तथा पालनपोषण | १४०००० | प्रमाण कागजात पेश नभएको |
| कोर्चावाङ सामुदायिक अध्ययन केन्द्र | साहाराविहिन बालबालिकालाई शिक्षण सिकाई तथा पालनपोषण | १४०००० | प्रमाण कागजात पेश नभएको |
| तालावाङ सामुदायिक अध्ययन केन्द्र | साहाराविहिन बालबालिकालाई शिक्षण सिकाई तथा पालनपोषण | १४०००० | प्रमाण कागजात पेश नभएको |
| जम्मा | | ५६०००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६०,००० |

६२ **सिपमुलक तालिम**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **९,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६३ **शिक्षक विद्यार्थि अनुपात**

स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकावाट उपलव्ध विवरण अनुसार यस स्थानीय तह अन्तर्गत विभिन्न ३३ सामुदायिक विद्यालयहरु मध्ये ५ वटा शुन्य दरवन्दी रहेको बाँकी २८ विद्यालयको दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.स. | विद्यालयको नाम | कार्यरत शिक्षक | विद्यार्थी | अनुपात |
|---|---|---|---|---|
| १ | श्री सिद्ध प्रा.वि. माडी-१ , आरनेटा | ३ | ५१ | १७. |
| २ | श्री चौतारा प्रा.वि. माडी-१ , झिनुवा | २ | ३५ | १७.५ |
| ३ | श्री सरस्वती मा.वि. माडी-१ , बल्ले | ४ | २८९ | ७२.२५ |
| ४ | श्री जनता आ.वि. माडी-१ , तुसारपानी | ० | २४ | ० |
| ५ | श्री गणतन्त्र प्रा.वि. माडी-१ , बाङ्गेताल | ० | ७६ | ० |
| ६ | श्री जनप्रिय प्रा.वि. माडी-१ , खल्टाकुरा | ० | ३९ | ० |
| ७ | श्री सिद्धनाथ प्रा. वि. माडी-१ , पेदीखोला | ० | ५१ | ० |
| ८ | श्री कृष्ण मा.वि. माडी-१ , जवाङ | ३ | २२९ | ७६.३३ |
| ९ | श्री सरस्वती आ.वि. माडी-१ , भितावाङ | ३ | १५६ | ५२. |
| १० | श्री कृष्ण मा.वि. माडी-२ , घर्तिगाउँ | १९ | ६३४ | ३३.३७ |
| ११ | श्री भगवती आ.वि. माडी-२ , दहपारिवाङ | ४ | २१९ | ५४.७५ |
| १२ | श्री साझा आ.वि. माडी-२ , ब्याङ्खोला | ३ | १४८ | ४९.३३ |
| १३ | श्री नेपाल राष्ट्रिय मा. वि. माडी-३ , तालावाङ | १२ | ४३१ | ३५.९२ |
| १४ | श्री जीवनाधार आ. वि.माडी३ , खारावाङ | ४ | १५८ | ३९.५ |
| १५ | श्री जनप्रिय आ.वि. माडी-३ , भास्माखोर | २ | ६९ | ३४.५ |
| १६ | श्री ने.रा. आ. वि. माडी-३ , धनठान | ३ | १८४ | ६१.३३ |
| १७ | श्री ने.रा. मा. वि. माडी-४ , आरुवा | ५ | ३३१ | ६६.२ |
| १८ | श्री सिद्वार्थ प्रा वि रिजाबाङ-४ , रिजाबाङ | ३ | ७४ | २४.६७ |
| १९ | श्री सन्तोष आ.वि. माडी-४ , दिरपुलेडाँडा | २ | १५४ | ७७. |
| २० | श्री सूर्यप्रकाश प्रा.वि. माडी-४ , बुढागाउँ | २ | ४९ | २४.५ |
| २१ | श्री वागेश्वरी मा.वि. माडी-५ , पाछाबाङ | ८ | २७९ | ३४.८८ |
| २२ | श्री वागेश्वरी मा.वि. माडी-५ , भावाङचौर | ४ | ३८५ | ९६.२५ |
| २३ | श्री बालज्योति आ.वि. माडी-५ , चरिकोट | २ | ७२ | ३६. |
| २४ | श्री बालज्योती प्रा.वि. माडी-५ , दहवाङ | २ | १४ | ७. |
| २५ | श्री जनज्योति प्रा.वि. माडी-५ , सरुवा | २ | ७९ | ३९.५ |
| २६ | श्री चन्द्रोदय प्रा.वि. माडी-५ , एनावाङ | २ | ३४ | १७. |
| २७ | श्री जनकल्याण प्रा.वि. माडी-५ , बाङ्मा | ३ | ७१ | २३.६७ |
| २८ | श्री जनजागरण आ.वि. माडी-५ , बाछे | १ | १५ | १५. |
| २९ | श्री सिद्धकैलाश मा. वि. माडी-६ , कोर्चाबाङ | १० | २१५ | २१.५ |
| ३० | श्री नेत्र आ. वि. माडी-६ , मेहलाडाँडा | ४ | १३५ | ३३.७५ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३१ | श्री शिशुसेवा प्रा.वि. माडी-६ , डाँडाथोक | ३ | ७५ | २५. |
| ३२ | श्री कलम प्रा.वि. माडी-६ , पोखरावाङ | २ | २३ | ११.५ |
| ३३ | श्री दिवाङ वालविकास प्रा.वि. माडी-६ , दिवाङ | ० | १६ | ० |
| जम्मा | | ११७ | ४८१४ | ४१.१५ |

शिक्षक विद्यार्थि अनुपात ७ देखि ७७ सम्म रहेको देखिन्छ । यसवाट शिक्षक विद्यार्थिक अनुपातमा असुन्तुलन देखिन्छ । भुगोल र दुरीको आधारमा स्थानीय समुदायसंग समन्वय गरी विद्यालयहरु मर्ज गर्नुपर्दछ ।

६४ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६७,५६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२७,३६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,९३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **७,५२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,९६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,६६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,३२३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **४०,५०१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१५,२४९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१२,७३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,२२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५८,७०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,७९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,३०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२,१८९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,६१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६,३११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२३,२६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,४८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६५ **रोजगारी सिर्जना कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र रोजगार सृजनाको कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि युवा रोजगारको लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन), २०७९ तयार गरेको छ । यस कार्यक्रमका लागि रु.४४ लाख १६ हजार बजेट विनियोजन भई रु.४१ लाख ७५ हजार निकासा भई पालिका मातहतका ६ वडामा १८ वटा योजना सञ्चालन गरी यस वर्ष २५२ जना महिला र १२३ जना पुरुष गरी जम्मा ३७५ जना सूचीकृत भएकोमा जम्मा ६६ जनालाई औषत ९४ दिन रोजगारी उपलब्ध गराई रु.४१ लाख ७५ हजार श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएको र लागत अनुमानमा श्रम ज्याला वापत एकमुष्ठ रुपमा रकम खर्च गरेकोले उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६६ **प्रमाण संलग्न**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ (ख) अनुसार अधिकारी प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा प्रचलित कानून अनुसार भए/नभएको, उपयुक्त प्रमाण कागजात भए/नभएको यकिन गरी भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका विभिन्न वडामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न बाटो खन्ने तथा मर्मत कार्यको लागि विभिन्न योजनाहरु संचालन गरी सम्बन्धित स्वयंसेवक श्रमिकलाई रकम भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा सबै किसिमका माटो कटाई, साधारण चट्टान कटाई, कडा चट्टान कटाई, सोलिङ तथा सुख्खा गारो, खानीबाट ढुङ्गा निकाली चट्टा लगाउने र सामानको ढुवानी वापत एकमुष्ट रुपमा भुक्तानी क्रमशः प्रति घन मिटर रु.५०१, रु.५९०.०७, रु.२५४६.७५, रु.१०६० र रु.२००४ का दरले भुक्तानी भएकोमा क्रस सेक्शनल नापी किताव पेश नभएको साथै माटो र चट्टान कटाई, खानीबाट ढुङ्गा निकाली चट्टा लगाउने र सामानको ढुवानी वापतको प्रमाण पेश नगरी भुक्तानी दिने कार्य नियमित नभएको हुँदा उक्त कार्यको प्रमाणका कागजात संलग्न गरेर मात्र भुक्तानी दिनुपर्दछ ।

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम र वडा नं. | माटोको परिमाण (घन मिटर) | नरम चट्टान | सोलिङ | सुख्खा गारो | श्रमिक संख्या | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| ३६९/२०८१/२/३० | लाइजाधाना सुनछहरा हुँदै बोर्सावाङ जोड्ने गोरेटी बाटो निर्माण (वडा नं. ४) | ४३३.९२ | २५.६३ | ० | २३.१६ | १० (औषत कार्यदिन ५०) | ३३४००० |
| ३८५/२०८१/३/१० | सिस्ने देखि भस्माखोर सम्म मो.बा. सोलिङ मर्मत (वडा नं. ३) | ३३४.३६ | ० | २३८.४३ | ० | १० (औषत कार्यदिन ६८) | ५५४२४० |
| २८०/२०८०/११/३० | होइवाङ खोली बाजेठान कलिनाचौर मो.बा. निर्माण आयोजना (वडा नं. १) | ० | ० | १२० | ९८ | १० (औषत कार्यदिन ६०) | ४००८०० |
| ४४५/२०८१/३/२० | भालुमारे सिम्पानी मो.बा. स्तर उन्नति आयोजना (वडा नं. २) | ७२.३ | ० | १०३.९७ | ० | १० (औषत कार्यदिन ३५) | २३३८०० |
| ३७०/२०८१/२/२० | दचकन बोट देखि माडी ४ खर्सुडाँडा वडा कार्यालय सम्मको मो.बा. मर्मत (वडा नं. ४) | ११५ | ० | १२४ | ३ | १० (औषत कार्यदिन ४१) | २७३८८० |
| २७९/२०८०/११/३० | तीनतल देखि भावङ्चौर सम्म गोरेटो बाटो मर्मत तथा सोलिङ (वडा नं. ५) | ३०० | ४ | ५४ | २३ | १० (औषत कार्यदिन ५०) | ३३४००० |
| | | | | | प्रमाण पेश नगरेको | | २१,३०,७२० |

६७ **दक्ष श्रमिकको रकम भुक्तानी**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतको प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ३६५, मिति २०८०।११।१४ को परिपत्र अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत कार्यान्वियन हुने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना निर्माण तथा मर्मत आयोजनाको गुणस्तर कायम राख्न आवश्यक पर्ने दक्ष श्रमिक, निर्माण सामाग्री लगायतका अन्य सामाग्रीहरु प्रचलित दररेट बमोजिक स्थानीय तहको स्रोतबाट बेहोर्ने गरी लागत साझेदारी गरी आयोजना संचालन गर्न सकिने व्यवस्था उल्लेख छ । पालिकाले माथि उल्लेखित विभिन्न सडक निर्माण तथा मर्मतको कार्यमा दक्ष श्रमिकको लागि समेत स्वीकृत न्यूनतम ज्याला रु.६६८ राखी दक्ष जनशक्तिको समेत रकम समावेश गरी लागत अनुमान तयार गरी सोको आधारमा भुक्तानी दिएको छ । पालिकाले आगामी दिनमा परिपत्र अनुसारको दक्ष श्रमिकको पारिश्रमिक स्थानीय स्रोत साधनबाट बेहोर्ने गरी लागत साझेदारी गर्नुपर्दछ ।

६८ **विज्ञान प्रयोगशाला निर्माण**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले रु.१ लाख भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत गो.भौ.नं. २६९/२०८०/११/२१ बाट श्री भगवती आ.वि. लाई विज्ञान प्रयोगशाला निर्माण गरेको भनी

सगरमाथा साइन्स एण्ड टेक्नोलोजी सप्लायर्सको ११ थान विजक पेश गरी रु.६४९९०७ भुक्तानी भएको छ । खरिद ऐन अनुसार लागत अनुमान तयार गरी मुल्य सूची माग गरेको आधारमा प्रतिस्पर्धी तवरले खरिद कार्य गर्नुपर्नेमा सो कार्य नगरि खरिद गरेको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,४९,९०७ |

६९ **विद्यालय अनुदान**

कार्यक्रम संचालन निर्देशिक २०८० को बुदा नं २.२ अनुसार शिक्षण सिकाइ सामाग्री तथा ल्याव असिस्टेन्ट व्यवस्थापनको लागि प्रति विद्यार्थी वार्षिक रुपमा रु १५००० का दरले गो भौ नं २९४।०८०।१२।२० बाट रु १६६३५०० भुक्तानी भएको छ । विद्यालयले उक्त कार्यको लागि कार्यविधि अनुसार प्राथमिक तह तृतीय श्रेणी तहको ल्याब असिस्टेन्ट नियुक्त गरी तलव भत्ता भुक्तानी भएको प्रमाण तथा व्यवहारिक अभ्यास गर्न व्यावहारिक अभ्यास कार्यान्यवन निर्देशिका २०७३ अनुसार कक्षा १० पछि ३ महिना तथा कक्षा ११ पछि ३ र कक्षा १२ मा ६ गरी कक्षा १२ पछि १२ महिना अभ्यास गराउने कार्यविधि अनुसार भुक्तानी भएको रकमबाट व्यवहारिक अध्ययन गरे/गराएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।

७० **प्रविधि हस्तान्तरण**

गरिवि निवारण सम्वन्धि कार्यक्रम संचालन निर्देशिका अनुसार सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिष्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण गर्नको लागि लाभग्राही समुहको २० प्रतिशत लागत साझेदारीमा प्रविधिका साधन उपलव्ध गराउन सकिने व्यवस्था रहेकोमा कार्यक्रम संचालिका हीसिला डाँगीले वडा नं ४ र ५ मा सर्वोत्तम पिठा र सिस्नो पाउडर उत्पादन तथा फलफूल उत्पादन समुहलाई विभिन्न प्रविधि सामान हस्तान्तरण गरेको भनी तुल्सी ट्रेडर्स, जि एस सप्लायर्स र वि वि सि प्लाष्टिक एण्ड सप्लायर्सको विजक आधारमा सामाग्री हस्तान्तरण गरेको भनी गो भौ नं ३१३।०८१।१।५ बाट रु ११०००० भुक्तानी भएको हुदा उक्त भुक्तानी रकमको जनश्रमदान बापतको अशं रु १८३३३ दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,३३३ |

७१ **कार्यक्रम सन्चालन**

७१.१ पालिकाले शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण कार्यक्रम संचालन गरे बापत गो भौ नं ३९७।०८१।३।१८ बाट प्रा स कमल प्रसाद खत्रीको(४ वटा कार्यक्रम) पे फ गरी रु ६९४००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

७१.२ प्रशिक्षक भिम प्रकाश पुनलाई कार्यपत्र पेश नगरीकनै प्रति सेसन रु १५०० र अर्को प्रशिक्षक कुल बहादुर विष्टलाई कार्यपत्र तथा तालिम संचालन गरेको प्रमाण बेगर प्रति सेसन रु १५०० का ३ सेसन गरी ८ सेसन भुक्तानीको भएकोमा उक्त प्रशिक्षकबाट कार्यपत्र पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,००० |

७१.३ २ जना प्रशिक्षकलाई यातायात खर्च बापत जनही रु. ४००० का दर र दैनिक भम्रण भत्ता बापत जनही रु. ४००० का दरले गरी १६००० भुक्तानी भएकोमा उक्त कार्यको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,००० |

७२ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **११,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ७३ सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार सार्वजनिक निकायले रु.२० लाख रुपैंयासम्म लागत अनुमान भएको मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा सिलबन्दि दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले संघीय विशेष अनुदान शीर्षकबाट आई.टी. सामाग्री र नन आइटी सामाग्री खरिद वापत निम्नानुसारको गो.भौ.नं. मूल्यसूची माग गरी नियम विपरीत टुक्रा टुक्रा पारी खरिद गरेको रु.

| गो.भौ.नं. र मिति | खरिद सामाग्री | आपूर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| ६७/२०८१/३/२३ | नन् आई.टी. सामाग्री | सगरमाथा साइन्स एण्ड टेक्नोलोजिकल सप्लायर्स | १९५४३२७.९६ |
| ६८/२०८१/३/२४ | आई.टी. सामाग्री | यति कम्प्युटर एण्ड इलेक्ट्रोनिक | १९३७५५४ |
| जम्मा | | | ३८९१८८१.९६ |

| | |
|---|---|
| अनियमित भएको | ३८,९१,७८१.९६ |

## ७४ आधारभुत तथा मा वि शिक्षक तालिम

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ७५ मेन्टरिङ्ग कार्यक्रम

७५.१

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७५.२

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ७६ प्रशासकिय भवन निर्माण

७६.१ पालिकाले गा.पा. प्रशासकीय भवन निर्माण (दोस्रो चरण) को लागि रु.७६९९६६६१.२९ को लागत अनुमान तयार गरी रु.४८९४५०१४.९२ (मु.अ.कर र पी.एस. आइटम बाहेक) कबोल गर्ने रोयल कन्स्ट्रक्सनलाई मिति २०८१।३।१५ सम्म निर्माण

सम्पन्न गर्ने गरी मिति २०७९।३।९ मा सम्झौता गरी सोही मिति देखि कार्य संचालन गर्ने कार्यादेश प्राप्त गरी गो.भौ.नं. ५/२०७९/३/२१ बाट प्रथम पेश्की वापत रु.४६११५०० र गो.भौ.नं. २/२०७९/६/७ बाट दोस्रो पेश्की वापत रु.५०८८५०० गरी जम्मा पेश्की रु.९७००००० प्राप्त गरी प्रथम रनिङ्ग विल वापत गो.भौ.नं. १६/२०७९/९/८ बाट रु.३९५१५००, गा.पा. चालुको गो.भौ.नं. १९०/२०७९/९/८ बाट रु.१२००००० र गो.भौ.नं. १/२०७९/१२/२४ बाट रु.४१६१५३२ गरी रु.९३१३०३२, दोस्रो रनिङ्ग विल वापत गो.भौ.नं. २/२०८०/३/२४ बाट रु.१५७६८६१९, तेस्रो रनिङ्ग विल वापत ५५/२०८०/११/५ बाट रु.२०००००० र गो.भौ.नं. २/२०८१/२/२० बाट रु.४६११५०० भुक्तान गरी रु.६६११५०० र चौथो रनिङ्ग विल वापत ५/२०८१/२/२३ बाट रु.३२००००० र ६/२०८१/३/२३ बाट रु.८००००० गरी रु.४०००००० हालसम्म कुल रु.३५६९३१५१ भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

७६.२ दोस्रो र तेस्रो रनिङ्ग विलमा आइटम नखुल्ने रु.१७०७१२५.१५ को रकम उल्लेख गरी भुक्तानी भएको देखिएकोले उक्त भुक्तानी रकमको प्रमाण पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,०७,१२५ |

७६.३ सम्झौता अनुसार स्वीकृत कुल सम्झौता अवधिको ८० प्रतिशत भुक्तानी भइसकेको अवस्थामा समेत पेश्की वापत भुक्तानी भएको रकमको फर्स्यौट भएको प्रमाण पेश नभएको हुँदा पेश्की रु.४६११५०० को ब्याज सहित दाखिला गरी प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४६,११,५०० |

७६.४ निर्माण व्यवसायीले निर्माण सम्पन्न गर्नुपर्ने अन्तिम मिति २०८१/३/१५ सम्म सम्पन्न नगरेको देखिएकोले पालिकाले माइलस्टोन सहित कार्य गर्ने गरी म्याद थप गरेको प्रमाण पेश गर्नुपर्दछ ।

## ७७ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सिंह कैलाश मा.वि. भवन निर्माण तथा घेराबार कार्यको लागि रु.४१९८३४७.४० को लागत अनुमान तयार गरी उपभोक्ता समितिको ११.१० प्रतिशत लागत साझेदारीको अंश कट्टा गरी भुक्तानी दिने क्रममा खुद कार्य सम्पन्न रकम रु.४००१७२८.९३ को जनश्रमदानको अंश कट्टा गरी रु.३५५७५३७.०१ भुक्तानी दिनुपर्नेमा गो.भौ.नं. १८४/२०८१/३/२३ बाट रु.१००८४३.९८ बढी हुने गरी रु.३६५८३८१ भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,८४३ |

## ७८ योजना सफ्टवेयर खरिद

सार्वजनिक निकायमा सरकारी रकम खर्च गर्दा अधिकतम उपलब्धि हासिल हुनेगरी गर्नुपर्दछ । पालिका वजेट निर्माण, लेखांकन तथा प्रतिवेदनको लागि नेपाल सरकारले Sutra सफ्टवेयर कार्यान्वयनमा ल्याएको अवस्थामा पालिकाले मालिका इन्फोसिस एवं सर्भिसेज प्रा लि ले विकास गरेको योजनासम्बन्धि सफ्टवेयर खरिद गरी गो भौ नं ४७, मिति २०८०।११।७ बाट रु. ४९१५५०।० भुक्तानी दिएको छ । सेवा लिँदा गरेको सम्झौताअनुसार १ वर्षपछी वार्षिक सम्झौता रकमको १५ प्रतिशतले हुने रकम AMC वापत वुझाउनु पर्नेछ । यसरी निजी क्षेत्रले विकास गरेको सफ्टवेयर र यसको प्रभावकारीताको आधिकारिक निकायवाट कुनै परिक्षण र विश्लेषण नभएको अवस्थामा खरिद गरिएको सफ्टवेयरवापतको भुक्तानीलाई नियमित मान्न सकिदैन ।

| | |
|---|---|
| अनियमित भएको | ४,९१,५५० |

## ७९ १५ शैया अस्पताल

७९.१ पालिकाले रु.१२५५८३२८६.७ (मू.अ.कर र पि.एस. आइटम बाहेक) को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु.१०१९७७२३७.०४ कवोल गर्ने जय बुद्ध भाग्य लक्ष्मी जे.भी. लाई मिति २०८०।३।३० मा निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७८।३।३० सम्झौता गरी कार्यदेश दिएकोमा आ.व. २०७७।७८ मा गो.भौ.नं. १०/२०७८।३।३० बाट मोबिलाइजेसन बापत रु.८७ लाख र आ.व. २०७९।८० मा मिति २०७९।१२।३० मा दोस्रो पेश्की बापत गो.भौ. नं. १ बाट रु.१ करोड ४ लाख गरी कुल पेश्की रु.१ करोड ९१ लाख पेश्की दिएकोमा गो.भौ.नं. २/२०८०/३/२७ बाट प्रथम रनिङ्ग विल बापत रु.११८५४३४८, र गो.भौ.नं. १/२०८१/३/२४ बाट दोस्रो रनिङ्ग विल बापत रु.१९५७४७२६ गरी हालसम्म कुल रु.३१४२९०७४ भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

७९.२ खरिद सम्झौता अनुसार खरिद अवधि मिति २०७८।३।३० देखि २०८०।३।३० को ८० प्रतिशत अवधि (२०८० मंसिरभित्र) पेश्की रकम कट्टा गरिसक्नुपर्ने गरी सम्झौता गर्नुपर्नेमा प्रथम पेश्की वापत रु.७८ लाख र दोस्रो पेश्की वापत रु.१ करोड ४ लाख गरी जम्मा रु.१ करोड ९१ लाख लेखापरीक्षणको अवधिसम्म समेत फर्स्यौट नभएको साथै अग्रिम भुक्तानी जमानतको म्याद थप गरेको प्रमाण पेश नभएको साथै कार्यप्रगति समेत सन्तोषजनक नभएको कारण नेपाल सरकारको लगानी जोखिमयुक्त देखिएकोले पालिकाले निर्माण व्यवसायीलाई नयाँ माइलस्टोन तोकी रिभाईस सेड्युल पेश गर्न लगाई प्रभावकारी रुपमा योजना सम्पन्न गर्नुपर्दछ ।

७९.३ दोस्रो रनिङ्ग विल भुक्तानी गर्दा पी.एस. आइटममा समावेश ल्याव टेस्ट वापत रु.१ लाख ५० हजार भुक्तानी भएकोमा रु.६१७०९ को फोटोकपी विजक पेश गरेको देखिएकोले भुक्तानी भएको रकमको सक्कल विजक पेश गर्ने अन्यथा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६१,७०९ |

८० **कालाभिर बाङ्गेताल घोर्नेली सुख्खा मोटरबाटो निर्माण**

पालिकाले काला भिर बाङ्गेताल घोर्नेटी सुख्खा मोटरबाटो निर्माणको लागि रु.३२१६६११.३५ कबोल गर्ने कार्की ब्रदर्स कन्स्ट्रक्सनलाई मिति २०७९।३।१५ मा निर्माण सम्पन्न गर्ने गरी २०७८।८।१० मा सम्झौता गरी कार्यादेश दिई २०७९।३।२३ मा प्रथम रनिङ्ग विल वापत रु.५९११०७ भुक्तानी गरी आ.व. २०८०/८१ को गो.भौ.नं. १४१/२०८१/३/७ बाट रु.१८२२९६९ भुक्तानी गरी कार्य स्वीकार प्रतिवेदन तयार गरेको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) अनुसार काबु बाहिर परिस्थिति तथा अन्य कुनै मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने अवस्था देखिएमा अधिकार प्राप्त अधिकारीले तोकेबमोजिम कार्य सम्पादन जमानत, बीमा र अग्रिम भुक्तानी जमानतको समेत म्याद थप गर्न लगाई निर्माण कार्यको म्याद थप गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित योजनाको लागि कुनै वस्तुनिष्ठ आधार, माथि उल्लेखित म्याद थप गर्नुपर्ने बीमा तथा जमानतको म्याद थप गरेको प्रमाण र निर्माण कार्यको म्याद थप गरेको आधिकारिक प्रमाण बेगर निर्माण कार्यको कार्य सम्पादन गरेको देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार कबोल अंकको प्रति दिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतसम्म पूर्व निर्धारित क्षतिपूर्ति लगाई असुल गर्नुपर्ने व्यवस्था अनुरुप निर्माण व्यवसायी कार्की ब्रदर्स कन्स्ट्रक्सनको कबोल अंक रु.३२१६६११.३५ को १० प्रतिशतले हुने रु.३२१६६१.१३ असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२१,६६१ |

८१ **जस्तापाताको रकम बढी भुक्तानी**

८१.१ पालिकाले ब्यागखोला आधारभूत स्वास्थ्य एकाई केन्द्र भवन तथा शौचालय निर्माण कार्यको लागि रु.११२२३४९.४२ को लागत अनुमान तयार गरी उपभोक्ता समितिको १४.५० लागत साझेदारी रहने गरी सम्झौता गरी कार्यादेश दिई गो.भौ.नं. १५०/२०८१/३/१४ बाट रु.९५९६०९ भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारका व्यहोरा देखियो ।

८१.२ ४१ एम.एम. को जस्तापाता प्रति बर्गमिटर रु.१३२३.१८ का दरले भुक्तानी भएकोमा उपभोक्ता समितिले ३६ एम.एम. को स्वीकृत जिल्ला दररेट रु.१२२७.०५ प्रति वर्गमिटर हुनुपर्नेमा ८६ वर्गमिटर जस्तापाताको प्रति वर्गमिटर रु. ९६.१३ को दरले बढी भुक्तानी भएको रु.८२६७ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,२६७ |

८१.३ पालिकाले १०४.६१ वर्गमिटर जस्तापाता छाउने कार्यको लागि स्वीकृत नर्म्स अनुसार १२५.५५ वर्गमिटर जस्तापाताको विल हुनुपर्नेमा ८६ वर्गमिटर जस्तापाताको विजक पेश गरेकोले बढि भुक्तानी भएको ३९.५५ वर्गमिटर जस्तापाताको मु.अ.कर सहित रु.५९,१३५ (३९.५५*१३२३.१८*१.१३) असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५९,१३५ |

८२ **प्राईम कोट र ट्याग कोटको बढी भुक्तानी**

प्रदेश समपुरकतर्फको गो भौ नं २०, २०८१।२।३ वाट घर्तिगाँउ घुम्तिफेदि जगरबोट पेडिखोला झिनुवा सडक कालोपत्रेको शिशिर/ लुम्बिनि/ भृकुटि जे भि दिएको भुक्तानीमा निम्न व्यहोरा देखियो ।

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 - BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने र प्राइम कोट प्रति वर्गमिटर औषत ०.६ देखि ०.९ लि. सम्म भुक्तानी दिनुपर्नेमा व्यवस्था रहेकोमा पालिकाले सडक कालोपत्रे कार्यमा ट्याक कोट प्रति वर्गमिटर ०.९ लि. र प्राइम कोटमा प्रति वर्गमिटर १.२ का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु.८५४८९४ असुल गरी दाखिला गर्नुपर्ने रु.

| आइटम | वर्गमिटर | भुक्तानी दर | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ट्याक कोट | ७४०३ | ९९.१ | ६६०२७३.५७ | २९३४५४.९२ | ३६६८१९ |
| प्राइम कोट | ७४०३ | १०९.७ | ९७४६२० | ४८७२४५ | ४८७३७५ |
| जम्मा | | | | | ८५४८९४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५४,८९४ |

८३ **अपाङ्गमेत्री २ कोठे भवन**

८३.१ पालिकाले प्रदेश विशेष अनुदानमा श्रीकृष्ण मा.वि. मा अपांगेमैत्री २ कोठे भवन निर्माणको लागि रु.१५००००० निकास गरी रु.१२०५४४१ खर्च गर्दा रु.१७३१६३३ को लागत अनुमान तयार गरी लाभग्राही समूहको १३.३८ प्रतिशत लागत साझेदारी हुने गरी सम्झौता बमोजिम गो.भौ.नं. २५/२०८१/३/२१ बाट रु.११६७६३१ भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

८३.२ विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ अनुसार सार्वजनिक निकायले तयार गरेको विस्तृत परियोजनामा उल्लेख भए अनुसारको डिजाइन तथा लेआउटमा निर्माण कार्य गर्नुपर्नेमा पालिकाले माथि उल्लेखित कार्यको लागि अपांगेमैत्री २ कोठे भवन निर्माण गर्नुको सट्टा विद्यालयमा पहिले नै भईरहेको ४ कोठे १ तले भवनमा तला थप गरी कार्यविधि विपरीत हुने गरी भवन निर्माण गरी नियमसम्मत नभएको हुँदा आगामी दिनमा कार्यविधि अनुसार कार्य गर्नुपर्दछ ।

८३.३ सिमेन्ट ३५० बोराको स्वीकृत दर ९०० का दरले भुक्तानी दिएकोमा रु.५०० प्रति बोराको विजक पेश भएको हुँदा विजक भन्दा बढी भुक्तानी भएको रकम रु.१४००० मा बढी भुक्तानी भएको मु .अ.कर रु. १८२० असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८२० |

८३.४ ईट्टा ७४७१ पिसको स्वीकृत दर १९.६५ प्रति ईट्टाका दरले भुक्तानी दिएकोमा रु.११ प्रति ईट्टाको दरको विजक पेश भएको हुँदा विजक भन्दा बढी भुक्तानी भएको रकम रु.६४६२५ मा मु अ कर रु. ८४०१ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४०१ |

## ८४ घर्तीगाँउ कभर्ड हल निर्माण

८४.१ पालिकाले प्रदेश सशर्त पुँजीगत शीर्षकमा घर्तीगाउँ कवर्ड हल निर्माणको लागि रु.४० लाख प्राप्त भएकोमा रु.३६ लाख खर्च गर्दा रु.४४९०१०३.५० को लागत अनुमान तयार गरी लाभग्राही समूहको १४.४८ प्रतिशत लागत साझेदारी रहने गरी कार्यादेश दिई प्रथम रनिङ्ग विल गो.भौ.नं. ९/२०८०/११/२४ बाट रु.१७ लाख र गो.भौ.नं. ११/२०८०/१२/१८ बाट रु.८३५३०० गरी रु.२५३५३००, दोस्रो रनिङ्ग विल गो.भौ.नं. ३०/२०८१/३/२२ बाट रु.१०५७९५१ र गो.भौ.नं. १८०/२०८१/३/२३ बाट रु.३५७९५९ गरी कुल रु.३९५१०१० भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

८४.२ कुल कार्य सम्पन्न रु.४४८५४९९.२७ को १४.४८ प्रतिशत जनश्रमदानको अंश कट्टी गरी रु.३८३५९९८ भुक्तानी दिनुपर्नेमा रु.३९५१०१० भुक्तानी दिई बढी भुक्तानी भएको रु.११५०११ असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१५,०११ |

८४.३ ४० एम.एम. बाक्लो २६ गेजको हेबी डिउटी पाताको फिटिङ ११००.०८ वर्गमिटर प्रति वर्गमिटर रु.१४९० का दरले भुक्तानी दिएकोमा नर्म्स अनुसार १३२१ वर्गमिटर जस्तापाताको विजक पेश गर्नुपर्नेमा १००१ वर्गमिटरको कर्कट पाताको विजक पेश गरेकोले नर्म्सभन्दा कम जस्ताको प्रयोगवाट समेत इष्टिमेटअनुसारको काम सम्पन्न भएको सम्बन्धमा स्थलगत अनुगमन गरी लागत अनुमान अनुसार नै काम सम्पन्न भएकोमा पालिकाले अनुगमन र एकिन गर्नुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ४,७६,८०० |

८४.४ स्वीकृत नर्म्स अनुसार ८ एम.एम. को नटबोल्ट प्रति वर्गमिटरमा ३ वटा प्रति गोटा रु.१७.३५ को दरले ११००.०८ वर्गमिटरमा प्रयोग भएको ३३०२ वटा वोल्टको रु.५७२९० भुक्तानी भएकोमा सोको विजक पेश नभएको हुँदा उक्त विजक पेश गर्ने अन्यथा रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५७,२९० |

## ८५ सडक सोलार बत्ती

नविकरणीय उर्जा अनुदान परिचालन कार्यविधि, २०७३ अनुसार उपभोक्ता समितिको माध्यमबाट उनीहरुको १० प्रतिशत नगद योगदानको आधारमा उर्जामा सहयोग गर्न मद्दत गर्ने साना लधु जलविधुत जैविक उर्जा बायोग्यास पलान्ट जस्ता कार्यमा खर्च गर्न सक्ने व्यवस्था गरेको छ । पालिकाले नविकरणिय उर्जा शिर्षकमा विनियोजन भएको रकमबाट गाँउपालिकाका विभिन्न वडा कार्यालयमा सोलार लाईट खरिद गरेको भनी गो.भौ.नं. ५२/२०८१/३/७ बाट सनफोर्ड सोलार एण्ड कन्स्ट्रशन प्रा.लि. लाई सोलार बत्ती आपूर्ति गरेवापत रु.७९७८१२ भुक्तानी गरेको छ । उक्त सोलार लाइटको उपयोगिता सम्बन्धमा पनि पालिकाले अुनगमन गर्नुपर्दछ ।

## ८६ फरक नर्म्सको प्रयोग

८६.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अधि त्यस्तो रकम भुक्तानी गर्न आवश्यक विल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन

रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका झोलुङ्गे पुल निर्माण गर्दा पालिकाको स्वीकृत दरभन्दा बढी दरमा (साविकको डोलिडारको नर्म्स प्रयोग) भुक्तानी भएको छ । पालिकाभित्र काम गर्दा समान प्रकृतिका काममा एकरुपता कायम हुनेगरी नर्म्समा एकरुपता कायम गर्नुपर्दछ ।

| गो.भौ.नं. र मिति | झो.पु. को नाम | भुक्तानी आइटम | स्वीकृत दर | भुक्तानी दर | बढी दर | कै |
|---|---|---|---|---|---|---|
| ७१/२०८१/३/२४ | बाङ्गु माडी खोला झो.पु. | एक्साभेसन (१८७ घ.मि.) | ६४२ | ११६५ | | सैद्धान्तिक |
| | | ढुवानी वापत भुक्तानी रकम (विजक नभएको) | | | ३५००० | प्रमाण/ असुल |
| ७२/२०८१/३/२४ | सिङ्जे झो.पु. | एक्साभेसन (२८८ घ.मि.) | ६४२ | ११६५ | | सैद्धान्तिक |
| | | ह्याम्बर स्टोन कलेक्सन (१२०.०५) | ३५१७ | ५९५५ | | सैद्धान्तिक |
| | | चेसल ड्रेस स्टोन (३.१० घ.मि. @ ९८५५) टाँसेको प्रमाण नदेखिएको | | | ३०५५० | प्रमाण/ असुल |
| | | ढुवानी वापत भुक्तानी रकम (विजक नभएको) | | | ३५००० | प्रमाण/ असुल |
| ७३/२०८१/३/२४ | पेदी ट्रस्ट पुल | एक्साभेसन (३१ घ.मि.) | ६४२ | ११६५ | | सैद्धान्तिक |
| | | ह्याम्बर स्टोन कलेक्सन (४७.३९) | ३५१७ | ६९३० | | सैद्धान्तिक |
| जम्मा | | | | | | |

८६.२ निम्न झोलुङ्गे पुल तथा ट्रष्ट पुलमा विजक विना नै भुक्तानी दिएको रकमको बिजक पेश हुनुपर्दछ अन्यथा असुल गर्नुपर्दछ ।(प्रमाण वा असुलमात्र)

| गो.भौ.नं. र मिति | झो.पु. को नाम | भुक्तानी आइटम | स्वीकृत दर | भुक्तानी दर | बढी दर | कै |
|---|---|---|---|---|---|---|
| ७१/२०८१/३/२४ | बाङ्गु माडी खोला झो.पु. | एक्साभेसन (१८७ घ.मि.) | ६४२ | ११६५ | | |
| | | ढुवानी वापत भुक्तानी रकम (विजक नभएको) | | | ३५००० | प्रमाण/ असुल |
| ७२/२०८१/३/२४ | सिङ्जे झो.पु. | एक्साभेसन (२८८ घ.मि.) | ६४२ | ११६५ | | |
| | | ह्याम्बर स्टोन कलेक्सन (१२०.०५) | ३५१७ | ५९५५ | | |
| | | चेसल ड्रेस स्टोन (३.१० घ.मि. @ ९८५५) टाँसेको प्रमाण नदेखिएको | | | ३०५५० | प्रमाण/ असुल |
| | | ढुवानी वापत भुक्तानी रकम (विजक नभएको) | | | ३५००० | प्रमाण/ असुल |
| ७३/२०८१/३/२४ | पेदी ट्रस्ट पुल | एक्साभेसन (३१ घ.मि.) | ६४२ | ११६५ | | |
| | | ह्याम्बर स्टोन कलेक्सन (४७.३९) | ३५१७ | ६९३० | | |
| जम्मा | | | | | १००५५० | |

| असुल गर्नुपर्ने | १,००,५५० |
|---|---|

८७ **विशेष योजना**

८७.१ पालिकाले संघीय सशर्त (विशेष अनुदान) बाट प्रविधिमैत्री पूर्वाधार बालमैत्री कक्षाकोठा निर्माण र क्षमता विकास मार्फत माडी गा.पा. को शिक्षामा पहुँच समावेशीकरण र गुणस्तर सुधार परियोजनामा विनियोजन भएको रु.१ करोड १५ लाख रकम मध्ये पालिकाले विभिन्न योजनामा टुक्रा पारी रु.१ करोड ८ लाख खर्च भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको बेहोरा देखियो ।

८७.२ विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ७(क) मा नेपाल सरकारले प्रदान गर्ने विशेष अनुदान रकमबाट तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण लगानीमा खर्च गर्न नपाइने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित कार्यविधि विपरीत हुने गरी विशेष अनुदानबाट प्राप्त हुने रकमलाई विभिन्न किसिमका चालु प्रकृतिका कार्यमा खर्च गरी अनियमित भएको रु.

| गो.भौ.नं. र मिति | बजेट शीर्षक | क्रियाकलाप | भुक्तानी पाउने ब्यक्ति/ पार्टी | भुक्तानी रकम |
|---|---|---|---|---|
| २२/२०८०/११/२१ | संघ विशेष अनुदान | बैठक भत्ता | कमल प्र. खत्री | १०३८० |
| २७/२०८०/१२/८ | संघ विशेष अनुदान | अमिन परीक्षा संचालन | ८ जना | ३४००० |
| ३२/२०८१/१/५ | संघ विशेष अनुदान | विद्यालयमा विद्यार्थी अभिभावक कार्यक्रम संचालन | कमल प्र. खत्री | १०००००० |
| ६३/२०८१/३/२२ | संघ विशेष अनुदान | मगरआदी वासी पाठ्यक्रम/पाठ्य पुस्तक निर्माण | मगरआदी वासी प्राज्ञिक प्रतिष्ठान | ९९७००० |
| ७०/२०८१/३/२४ | संघ विशेष अनुदान | विज्ञापन वापतको भुक्तानी | पी.एस. एड्भरटाइजिङ | १८६६४३ |
| ६९/२०८१/३/२४ | संघ विशेष अनुदान | सूचना प्रकाशन | सपोर्ट मिडिया प्रा.लि. | ३०४५३.५ |
| | | | | २२५८४७६।५ |

| अनियमित भएको | २२,५८,४७६.५ |
|---|---|

८८ **उपभोक्ता समितिवाट निर्माण कार्य**

विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नं. ८(२) अनुसार विशेष अनुदान वापत प्राप्त रकम उपभोक्ता समितिमार्फत संचालन हुने कार्यक्रममा खर्च गर्न नपाइने व्यवस्था रहेको छ । पालिकाले संघ विशेष अनुदान अन्तर्गत प्रविधिमैत्री पूर्वाधार बालमैत्री कक्षाकोठा निर्माण र क्षमता विकास मार्फत माडी गा.पा. को शिक्षामा पहुँच समावेशीकरण र गुणस्तर सुधार परियोजनामा विनियोजन भएको बजेटबाट विभिन्न टुक्रे योजना तयार गरी उक्त योजना उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी भएकोमा नियम विपरीत भुक्तानी गरी अनियमित भएको रु.

| गो.भौ.नं. र मिति | निर्माण कार्य | लाभग्राही/उपभोक्ता समितिको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ४२/२०८१/२/३ | घेराबार तथा पर्खाल निर्माण | सरस्वती मा.वि. घेराबार तथा पर्खाल निर्माण उ.स. | ४८०००० |
| ५५/२०८१/३/१६ | घेराबार निर्माण | श्री ने.रा. आ.वि. धनठाना घेराबार निर्माण उ.स. | ४७५८१५ |
| ५९/२०८१/३/१९ | २ कोठे शौचालय निर्माण | श्री साझा आ.वि. २ कोठे शौचालय निर्माण उ.स. | २२०४८९ |
| ६०/२०८१/३/१९ | मगरआदी वासी पाठ्यक्रम/ पाठ्य पुस्तक निर्माण | मगरआदी वासी प्राज्ञिक प्रतिष्ठान | ९९७००० |
| ६६/२०८१/३/२३ | शौचालय निर्माण | श्री ने.रा. आ.वि. वडा नं. ३ शौचालय निर्माण उ.स. | २२९८०७ |
| जम्मा | | | २४०३१११ |

| अनियमित भएको | २४,०३,१११ |
|---|---|

## ८९ रोयल्टी

लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि ÷६ बमोजिम पहाडका जिल्लाहरुमा ढुङ्गा, गिटि, बालुवा, ग्राभेल प्रति क्युव फिट रु.६ र माटो संकलनमा प्रति क्युव फिट रु.३ का दरले शुल्क लगाइ असुल गरीने ब्यबस्था छ । स्थानिय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उतखनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्यु फिट रोयल्टी असुल उपर गर्नुपर्ने ब्यबस्था छ । पालिका भित्रका विभिन्न निर्माण कार्यमा प्रयोग हुने माटो, ग्राभेल, ढुङ्गा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइको आधारमा खरिद गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो । भरपाईमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गरी मुल्यांकन भएको निर्माण सामाग्रीको मु.अ.कर समेत भुक्तानी हुने हुँदा पालिकाले आगामी दिनमा यस्ता निर्माण सामाग्रीको विजक पेश गर्न लगाउने वा नियमानुसार रोयल्टी वापतको रकम कट्टी गरी भुक्तानी गर्नुपर्दछ ।

## ९० डोजरको प्रयोग

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धालाई सीमित हुने गरी खरिद कार्यलाई टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ । पालिकाले पुँजीगत खर्च मध्ये अधिकांश योजनाहरुमा डोजर तथा एक्साभेटरको प्रयोग गरी निर्माण कार्य गर्ने गरेको देखिएकोले निम्नानुसारको स्थानमा बाटो मर्मत तथा सुधार कार्यको लागि टुक्रा पारी (सोझै खरिद) मूल्य सुचि माग गरेको आधारमा भुक्तानी दिने गरेको देखिएकोले आगामी दिनमा बाटो मर्मत हुने स्थानको लगत तयार गरी डोजर प्रयोगको दर खरिद प्रकृया अनुसार मूल्य सुचि तयार मितव्ययी तवरले रकम खर्च गर्नुपर्दछ ।

| गो भौ नं र मिति | कार्य | निर्माण व्यवसायी | रकम |
|---|---|---|---|
| ६६/२०८०/११/३० | वडा नं. ५ को मोटर बाटो सरसफाई | न्यू प्रविण कन्स्ट्रशन सेवा | ७८९१५५ |
| ६८/२०८०/११/३० | घर्तीगाउँ मिनाई लाप्चुङ दिवाङ हानिङ मोटर बाटो सरसफाई | गोपी निर्माण सेवा | ५९६९८२ |
| ७९/२०८०/१२/२८ | वडा नं. ३ का सबै मोटर बाटो सरसफाई | खड्का बहादुर निर्माण सेवा एण्ड सप्लायर्स | ८९८३९८ |
| ८१/२०८१/१/२ | बाटो सरसफाई | कान्ति मल्टिप्रपोज कम्पनी प्रा.लि. | ३८६८७२ |

## ९१ औषधि खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाखसम्म लागत अनुमान भएको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष टुक्रा पारी विभिन्न सप्लायर्सबाट मूल्य सूची (छायाँकपी) माग गरी औषधी खरिद गरी दाखिला गरेको आधारमा गो.भौ.नं. १७२/२०८०/९/१५ र १६/२०८०/९/१५ बाट सान्तोना मेडिसिन सप्लायर्सलाई रु.१९२७२५८, गो.भौ.नं. ९७/२०८०/६/२७ बाट आयुर्वेद तर्फको औषधि खरिद वापत ईश्वर आयुर्वेद मेडिसिन सप्लायर्सलाई रु.४९८६७० र गो.भौ.नं. ३०/२०८१/३/१० बाट कुन्जन मेडिको सप्लायर्सलाई रु.३९९८२० गरी कुल रु.२८२५७४८ भुक्तानी भएको स्रेस्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) पालिकाकालाई आवश्यक पर्ने औषधि र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।

ख) आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ ।

ग) आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वा ७५ प्रतिशत बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ ।

घ) यसवर्ष पालिकाले माथी उल्लेखित फर्मसँग रु. २८२५७४८ को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा मुचुल्का तयार गरेको छैन। जसले गर्दा पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

९२ **पेश्कि बाँकि**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्नानुसारको व्यक्ति र निर्माण व्यवसायीलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु.३,०३,००० बाँकी रहेको देखिन्छ । उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती , फर्म वा कम्पनीको नाम | म्याद ननाघेको | फछ्र्यौटको अन्तिम म्याद | म्याद नाघेको |
|---|---|---|---|---|---|
| १ | श्री नेपाल राष्ट्रिय मा वि आरुवा आठ कोठे भवन निर्माण योजना माडी ०४ | दे विशेष तारा निर्माण सेवा | ० | ०८/२४/२०८० | ३, ०३ , ००० |
| जम्मा | | | ० | | ३, ०३ , ००० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ३,०३,००० |

९३ **डाटा भिडान**

पालिकाले सामाजिक सुरक्षाको विवरण तयार गर्दा आ.व. २०७९।८० मा अन्तिममा कायम भएको लाभग्राहीलाई आ.व. २०८०।८१ को सुरुमा जिम्मेवारी सारी त्यसमा लगत कट्टाको विवरण कट्टी गरी नया थप विवरण गरी नँया लागभ्राहीको विवरण तयार गरी भुक्तानी दिनुपर्नेमा पालिकाले तयार गरेको निम्न अनुसारको डाँटा फरक परेको हुदा पालिकाले छानविन गर्नुपर्दछ ।

| लक्ष्य समूह | गत वर्षको अन्तिम त्रैमासिकमा कायम रहेका लाभग्राहीको संख्या | यस आ.व. मा नवीकरण भएको संख्या | फरक संख्या |
|---|---|---|---|
| अन्य ज्येष्ठ नागरिक भत्ता | ११२१ | १०९७ | २४ |
| ज्येष्ठ नागरिक भत्ता (दलित) | १२४ | १२५ | १ |
| ज्येष्ठ नागरिक एकल महिला | १८० | १८० | ० |
| विधवा | ३५४ | ३५१ | ३ |
| पूर्ण अपांगता भत्ता | १९ | १७ | २ |
| अति अशक्त अपांगता भत्ता | ९६ | ९६ | ० |
| क्षेत्र तोकिएका बालबालिका | १७३० | १६९३ | ३७ |
| दलित बालबालिका | ३८१ | ३६७ | १३ |
| जम्मा | ४००५ | ३९२६ | ७९ |

९४ **सामाजिक सुरक्षा भत्ता**

९४.१ सामाजिक सुरक्षा

९४.२

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **२१,५७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : माडी गाउँपालिका, रोल्पा , माडी गाउँपालिका , रोल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| लेखा प्रमुख | सुरज राना | २०७६-९-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,०५४,०७६ | १८,८९८,७२७.४६ | १०,१९३,०५३ | ० | ० | १,०५३,००० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३२,१९८,८५६.४६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,१४३,६९७ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ३१,०५५,१५९.४६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १८६६५४९८.३८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २२५३५८७४३.९७ | **चालु खर्च** | २४३१९३०२८.१७ |
| **प्रदेश सरकारबाट अनुदान** | २३५९९५०० | **पूँजीगत खर्च** | ९२०८६६६०.९६ |
| **राजश्व बाँडफाँट** | ७६९६६६४८.७४ | **वित्तीय/अन्य व्यवस्था** | ११९०४९६४७ |
| **आन्तरिक आय** | २०७५६०.८३ | | |
| **अन्य आय** | १२००१६४८१ | | |
| **कुल आय** | ४४६१४८९३४.५४ | **कुल खर्च** | ४५४३२९३३६.१३ |
| **बाँकी मौज्दात** | | १०४८५०९६.७९ | |

## अनुसूची - २

# सुझाव

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- आन्तरिक लेखापरीक्षकको पदपूर्ति गराई आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।
- गाउँपालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । गाउँपालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी गाउँपालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।